# सौर्य दैनिक
SOURYA NATIONAL DAILY












उच्च पदाधिकारीका कार्यालयका कर्मचारी

# बारम्बार गल्ती, सजाय खै ?

■ सौर्य समाचार







काठमाडौं । **प्रधानमन्त्री केपी शर्मा ओलीले सीमामा विषादी परीक्षणसम्बन्धी विषयमा 'भारतले कुनै पत्र नपठाएको' सार्वजनिक अभिव्यक्ति दिनुभयो । जबकी, तीन दिन पहिल्यैको पत्र मिडियाबाट सार्वजनिक भएपछि आफूलाई 'झुक्याइएको ' भन्दै उहाँले सार्वजनिकरूपमा माफीसमेत माग्नुभयो । तर, शक्तिशाली प्रमलाई त्यसरी ' झुक्याउने' व्यक्ति को थियो भनेर कहिल्यै पहिचान भएन ।**

ooo

**प्रधानमन्त्रीको आधिकारिक ट्वीटर ह्यान्डलबाट भारतको आन्तरिक विषयमा गरिएको एक आपत्तिजनक ट्वीटलाई रिट्वीट गरियो । त्यो पनि मध्य रातमा । र, पछि भनियो, 'अनाधिकृतरूपमा रिट्वीट भयो, छानबिन गरेर कारबाही गर्छौं ।' त्यति संवेदनशील विषयका बारेमा एक महिनासम्म पनि कुनै थप खबर सार्वजनिक भएको छैन ।**

ooo

**इन्डोनेसियामा आएको बाढीबाट भएको क्षतिप्रति दुःख व्यक्त गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीका नामबाट पठाइएको पत्रमा समवेदनाको साटो बधाइ लेखिएको विज्ञप्ति सार्वजनिक भयो । तर, त्यसरी मुलुककै बेइज्जत गर्ने व्यक्ति को थिए र उनीमाथि के कारबाही भयो भनेर सार्वजनिक गरिएन ।**

ooo

**राष्ट्रपति कार्यालय शीतल निवासले माघ ३ गते एउटा प्रेस विज्ञप्ति निकालियो । जापानका मन्त्रीको भेटका विषयमा निकालिएको विज्ञप्तिमा माघ १० गते भेट भएको भनेर निकालियो । समाजिक सञ्जालबाट त्यसको विरोध भएपछि केही समयपछि त्यसलाई सच्याएर पुनः माघ ३ गते नै भेट भएको भनेर निकालियो । तर, त्यसरी गल्ती गर्दा कारबाही हुनुपर्ने भएपनि सामान्य क्षमायाचना पनि गरिएन ।**

ooo

यी माथिका चार वटा उदाहरण हुन्, नेपालका उच्च सरकारी कार्यालय र त्यहाँ कार्यरत कर्मचारी कति व्यवस्थित र संवेदनशील छन् भन्ने । कतिपय विषय त राष्ट्रकै सम्मानमा आँच आउने खालका पनि छन् । तर, यी घटना भएको लामो समय वित्तिसक्दा पनि अहिलेसम्म कसैलाई कारबाही भएको सुनिएको छैन ।

मानिसबाट केही सामान्य विषयमा गल्ती हुनु स्वाभाविक हो । तर, पटकपटक गल्ती गरिहनु आफैँमा कारबाहीको भागीदारी हो । यस्ता, गल्ती नेपालमा मात्र हुने पनि होइन, विश्वका अन्य देशमा पनि हुने गरेको सुनिन्छ । तर, त्यहाँ गल्ती गर्नेलाई कारबाही गरेर यसकारण गल्ती भएछ भनेर औँल्याइन्छ । नेपालमा भने घटना भएपछि केही दिन एक्सन लिएजस्तो गर्ने र त्यसपछि सो विषय चुपचाप सकिने हुँदा बारम्बार घटना दोहोरिने गरेको कतिपयको भनाइ छ ।

> **यस्ता, गल्ती नेपालमा मात्र हुने पनि होइन, विश्वका अन्य देशमा पनि हुने गरेको सुनिन्छ । तर, त्यहाँ गल्ती गर्नेलाई कारबाही गरेर यसकारण गल्ती भएछ भनेर औँल्याइन्छ । नेपालमा भने गल्ती गर्ने प्रवृति र व्यक्तिलाई नै ढाकछोप गर्नमा उद्धत हुँदा बारम्बार गल्ती दो होरिने गरेको देखिन्छ**

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवं विदेश विभाग उपप्रमुख विष्णु रिजाल पनि यस्ता घटनामा संलग्नलाई सरकारले कारबाही गर्नुपर्ने बताउँछन् । उनले भने, 'उच्च पदाधिकारीका कार्यालय र तहमा गल्ती हाम्रोमा मात्र हुन्न, अन्यत्र पनि हुन्छ । तर, अन्यत्र त्यसरी लापरबाही गर्ने को हुन् भनेर जनतालाई जानकारी दिइन्छ र कारबाही गरिन्छ, हाम्रोमा वास्तै गरिन्न र फेरि त्यस्तै गल्ती गरिन्छ ।' रिजालले दोषी कर्मचारीलाई सरकारले कारबाही गरेर जनतामा देखाउनुपर्ने मागसमेत गरेका छन् । ' ती ठाउँहरूमा जनताको करबाट तलबभत्ता खानेहरूको कमी छैन । तर, सर्वोच्च संस्थाहरूको साख जोगाउन हामी किन चुकिरहेका छौं ? यसको जिम्मा कसले लिने ?', उनले प्रतिप्रश्न गरे । उसो त त्यस्ता कार्यालयमा कसै एक्लैले चाहेपनि यस्ता विज्ञप्ति निकाल्न सक्दैन ।


बाँकी पृष्ठ २


# ग्याँसको भाउ बढ्यो

■ सौर्य समाचार

काठमाडौं । नेपाल आयल निगमले एलपी ग्याँसको मूल्य वृद्धि गरेको छ । अन्तर्राष्ट्रिय बजारमा एलपी ग्याँसको मूल्य बढेको भन्दै निगमले सोमबार राति १२ बजेदेखि लागू हुने गरी प्रतिसिलिन्डर २५ रुपैयाँले वृद्धि गरेको हो । यससँगै ग्याँसको मूल्य प्रतिसिलिन्डर एक हजार ३७५ रुपैयाँ पुगेको छ ।

यसैगरी निगमले पेट्रोल, डिजेल तथा मट्टीतेलको मूल्यमा प्रतिलिटर १ रुपैयाँ घटाएको छ । समायोजनसँगै पेट्रोलको मूल्य प्रतिलिटर ११० तथा डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर ९९ रुपैयाँ कायम गरिएको निगमले जनाएको छ । निगमले हवाई इन्धनको मूल्य भने यथावत नै राखेको छ । पेट्रोलियम पदार्थको खरिद मूल्य केही घटेर आएकाले मूल्य समायोजन गरिएको निगमका प्रवक्ता वीरेन्द्रकुमार गोइतले जानकारी दिए । निगमले 'पेट्रोलियम पदार्थको स्वचालित


बाँकी पृष्ठ २


# निलम्बित प्रजिअलाई पाँच मुद्दा

■ सौर्य समाचार

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दोलखाका तत्कालीन प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालविरुद्ध भ्रष्टाचारका ५ वटा मुद्दा दर्ता गरेको छ । निलम्बित प्रजिअ रिजालविरुद्ध अख्तियारले ४ वटा घुससम्बन्धी र अनुगमनमै नगई भत्ता बुझ्केकोसहित ५ वटा अलग अलग आरोपमा सोमबार विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको हो ।

एक अभियुक्तसँग धरौटीमा रिहा गर्न घुस मागेको आरोप लागेपछि रिजाल निलम्बनमा परेका थिए । अख्तियारका प्रवक्ता प्रदीप कोइरालाका अनुसार दोलखामै रहँदा रिजालले विभिन्न मुद्दासम्बन्धी केशमा सेवाग्राहीलाई बढी सजाय र जेल पठाइदिने डरत्रास देखाएर घुस लिएको खुलेको छ । रिजालले चारजना सेवाग्राहीलाई जेल सजाय गराइदिने डर देखाएर ५० हजार, ९० हजार, ३५ हजार र अर्को ४ लाख रुपैयाँ घुस लिएको अख्तियारको अनुसन्धानबाट खुलेको छ ।

त्यसैगरी, भ्रमण खर्च नियमावली २०६४ बमोजिम भ्रमण अभिलेख खातामा दर्ता नगरी र खाता नै खडा नगरी भ्रमण आदेश र दैनिक तथा भ्रमण खर्चको बिलमा स्वीकृत गर्ने पदाधिकारीको दस्तखतसमेत नगरी भत्ता लिएको पनि रिजालमाथि आरोप लागेको छ । उनले अनुगमनमा जाँदै नगई कार्यालयमै बसेर भ्रमण भत्तासमेत बुझ्केको खुलेको छ । अख्तियारका अनुसार रिजाल आफैले सुरक्षा समितिको बैठक राखेर उपस्थित जनाई हस्ताक्षरसमेत गरेर अनियमित रूपमा ७७ हजार ६ सय भत्ता लिएको खुलेको छ । विभिन्न पाँचवटा मुद्दामा बिगो जम्मा ६ लाख ५२ हजार ६ सय कायम गरी आरोप पत्र दर्ता गरिएको कोइरालाले बताए ।

# भक्तपुरमा दुई 'स्याटेलाइट सिटी'

■ रमेश गिरी/रासस

भक्तपुर । सरकारले भक्तपुरका दुई ठाउँमा 'स्याटेलाइट सिटी' बनाउने भएको छ । काठमाडौंभित्र बनाइने चारमध्ये दुई भक्तपुरमा बन्ने भएको हो । काठमाडौं उपत्यका विकास प्राधिकरणले भक्तपुरमा निर्माण हुने स्याटेलाइट सिटीको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) निर्माण गरेको छ ।



सरकारले काठमाडौं उपत्यकाको पूर्वतर्फ करिब एक लाख रोपनीमा फैलिने गरी सबैभन्दा ठूलो अत्याधुनिक सहर बनाउने भएको हो । उपत्यकाबाट 'इशान' कोणको रूपमा लिइएको यसलाई भक्तपुरको नगरकोट जाने सडक, तेलकोट सडक, पश्चिमतर्फ जोरपाटी, क्रिकेट मैदान, मूलपानी, गोठाटार हुँदै मनोहरा पुलसम्म फैलिने सांसद महेश बस्नेतले जानकारी दिए । यस कोणको उत्तरमा साँखु बजार र साँखु जाने मूल सडकसम्म विस्तार हुने यो सहर भक्तपुरको पुरानो थिमिको बाटो, सैनिक प्रतिष्ठान खरिपाटी, भक्तपुर नगरपालिकाको इतापाके जग्गा एकीकरण आयोजनासहितको क्षेत्रमा फैलिने भएको बस्नेतले बताए ।

निर्माण भएको डिपीआरअनुसार यो सहर निर्माणका लागि एक खर्ब खर्च हुने भएको प्राधिकणका आयुक्त भाइकाजी तिवारीले जानकारी दिए । सरकारले विकास गर्न लागेको यो सबैभन्दा ठूलो बस्ती विकास हुने गरी योजना तयार पारिएको बताइएको छ । चाँगुनारायण नगरपालिकाको करिब ६० हजार रोपनी र भक्तपुर, मध्यपुरथिमि, कागेश्वरी मनोहरा, शंकरापुर नगरपालिका गरी पाँचवटा नगरपालिकामा फैलिनेछ ।

स्याटेलाइट सिटीमध्ये 'आग्नेय' सहरतर्फ भने करिब १८ हजार रोपनीमा फैलिनेछ । यो सहरले पूर्वतर्फ भक्तपुरको सूर्यविनायक चोकदेखि सूर्यविनायक गणेश मन्दिर अगाडिको वनक्षेत्रलाई समेट्दै पश्चिमतर्फ गुण्डुको खहरे खोला, नयाँ बालकोट, बिरुवा सडक, पानी ट्यांकी, पुरानो बालकोट, अमरनगर, थिमि हुँदै अरनिको राजमार्गसम्म फैलिनेछ । त्यस्तै, उत्तरतर्फ अरनिको राजमार्ग हुँदै दक्षिणतर्फ सिलामगाल, रानीकोट जंगलछेउ, अनन्तलिंगेश्वर फेदी, तर्खगाल, पात्लेटार, बिरुवा हुँदै खहरेसम्म यो सहर फैलिने गरी सीमा निर्धारण गर्दै डिपीआर तयार भएको छ । प्राधिकरणका अनुसार यो सहर निर्माणका लागि रु १० अर्बभन्दा बढी खर्च हुनेछ । सरकारले उपत्यकाभित्रै


बाँकी पृष्ठ २


# कुखुराको मासु र लसुनको मूल्य दोब्बर वृद्धि

## एकैपटक प्रतिकेजी एक सय ५० देखि २ सय रुपैयाँसम्म मूल्य वृद्धि

■ सौर्य समाचार

काठमाडौं । लसुन र बोइलर कुखुराको मासुको मूल्यले अहिलेसम्मकै रेकर्ड तोडेको छ । प्याजको मूल्य वृद्धिको मार खेपिरहेको केही समयमै लसुन र बोइलर कुखुराको मासुको मूल्य वृद्धि भएपनि उपभोक्ता पुनः मारमा परेका हुन् ।

शनिबारदेखि लागू हुने गरी जिउँदो ब्रोइलरको मूल्य दुई सय ७० रुपैयाँ लागू भएपछि यो रेकर्ड तोडिएको हो । खरिद मूल्य बढेसँगै तयारी मासुको मूल्य पनि चार सय प्रतिकिलो पुगेको छ । यसअघि ०७४ वैशाखमा करिब एक महिना दुई सय ६० रुपैयाँ मूल्य कायम थियो । दैनिक उपभोग्य सामानको मूल्य बेला बेलामा एक्कासि आकासिनु रहस्यमय रहेको देखिएको छ ।

बजारको मागअनुसार कुखुरा नपाएपछि कोल्ड स्टोरले दिउँसै पसल बन्द गर्न थालेका छन् । किसानसँग सस्तोमा किनेर कोल्ड रूममा राखेको फ्रोजन मासुसमेत ठूला व्यापारीले किलोको तीन सय ६० रुपैयाँ भन्न थालेका छन् । असोजदेखि मंसिरसम्म ब्रोइलरको मूल्य प्रतिकिलो दुई सय रुपैयाँसमेत नआउँदा किसानले खोरमा चल्ला हुलेका थिएनन् । त्यतिखेर लागत मूल्य दुई सय २० को हाराहारीमा थियो । यस्तै, पछिल्लो समय ब्रोइलर कुखुरालाई ३० दिन पालिसकेलगत्तै रोग ब्याधीबाट मर्ने दर अत्यधिक हुँदा किसान



निरन्तर घाटामा गइरहेका थिए ।

कुखुराको मूल्य नबढेपछि नेपाल ह्याचरी संघको नेतृत्वमा जिउँदो चल्ला र अण्डा नष्ट गर्ने काम भयो । व्यवसायीहरुले १५ करोड बराबरको ३० लाख चल्ला र ५० करोड बराबरको अण्डा नष्ट गरे । कृषकको घरघरमा, फर्मफर्म गएर चल्ला नष्ट गरियो । यसको उद्देश्य बजारमा कुखुराको उत्पादनलाई नियन्त्रण गर्दै मासुको मूल्य वृद्धि गर्नु थियो । अन्ततः व्यवसायीले जुन उद्देश्यले अभियान चलाएका थिए, त्यो पूरा भएको छ । चिकेन होलिडेको प्रभाव अहिले मासुमा देखिएको छ ।

बजारमा मासुसँगै लसुनको मूल्य पनि आकासिएको छ । थोकमा दुई सातामै प्रतिकिलो २ सय रुपैयाँले मूल्यवृद्धि भएको छ । माघ ६ गते थोकमा लसुनको मूल्य प्रतिकिलो ३१० देखि ३२० रुपियाँ आसपास रहेकोमा अहिले बजार मूल्य ५०० रुपियाँ प्रतिकेजी पुगेको छ । खुद्रामा यो मूल्य ५४० देखि ५५० रुपैयाँसम्म रहेको कालिमाटी फलफुल तथा तरकारी बजार समितिले जनाएको छ । चीनसँगको प्रमुख व्यापारिक नाका रसुवागढी बन्द हुँदा लसुनको मूल्य बढेको व्यवसायीहरूको भनाइ छ । नाका बन्द रहेकाले लसुन आयात गर्न नसकिएको कारण देखाउँदै लसुनको मूल्य तत्काल नघटने


बाँकी पृष्ठ २

# हात्तीपाइलेको औषधि खुवाइँदै



■ यसिमा महत

काठमाडौं । सरकारले हात्तीपाइले रोग निवारणका लागि २५ माघदेखि औषधि सेवन गराउने भएको छ । अपांगता निम्त्याउने सबैभन्दा ठूलो रोग मानिएको हात्तीपाइले विरुद्ध औषधि सेवन गराउने भन्दै स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सोमबार पत्रकार सम्मेलन गरेको हो । सम्मेलनमा हात्तीपाइलेको जोखिम रहेका १३ जिल्लामा औषधि सेवन कार्यक्रम सुरु गर्ने जनाइएको छ । सरकारले विगत वर्षहरूमा पनि हात्तीपाइलेविरुद्धको औषधि सेवन गराउँदै आएको थियो । यस वर्ष १३ जिल्लामा ७४ लाख ६१ हजार व्यक्तिलाई हात्तीपाइलेविरुद्धको औषधि खुवाउने लक्ष्य राखिएको महाशाखाका निर्देशक डा. विवेककुमार लालले जानकारी दिए । उनले सन् २०३० सम्म हात्तीपाइले रोगमुक्त देश घोषणा गर्ने बताए । १३८ पालिकाहरू रहेको ७४ लाख ६१ हजार जनसंख्यालाई लक्षित गरी यी १३ जिल्लाहरू झापा, धनकुटा, मोरङ, बारा, लमजुङ, पर्वत, बाग्लुङ, कपिलवस्तु, दाङ, बर्दिया, बाँके, कैलाली, र कञ्चनपुरमा हात्तीपाइलेको औषधि खुवाउन लागिएको हो । कार्यक्रमअन्तर्गत औषधि सेवन गराउन १३ जिल्लामा ५८ हजार ८ सय ८५ स्वास्थ्यकर्मी तथा १० हजार ८ सय ३८ महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिने महाशाखाले पनि जनाएको छ । औषधि खरिद तथा परिचालनमा करिब २१ करोड ५३ लाख ७८ हजार खर्च लाग्ने महाशाखाको भनाइ छ ।

कार्यक्रममा समयमै हात्तीपाइले रोगको पहिचान र उपचार गर्न नसकेको खण्डमा एकबाट अर्कोमा सर्दै जानेक्रम बढ्ने भएकाले यसलाई नियन्त्रणमा ल्याउन पनि उत्तिकै गाह्रो हुने विज्ञहरूले बताए । हात्तीपाइले मानिसलाई शारीरिकरूपमै अशक्त र अपांग बनाउने सरुवा रोग हो, यो एक प्रकारको मसिनो धागो आकारको जुका जस्तै परजीवीले गराउँदछ भने यो रोग पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ । मानिसको शरिरमा यो परजीवी प्रवेश गरेको केही वर्षपछि मात्र यसको लक्षण देखिने गर्दछ । यसबाट बच्नका लागि र पूर्ण रूपमा निको पार्न नेपालका विभिन्न जोखिमपूर्ण जिल्लाहरूमा सरकारले राष्ट्रिय आम औषधि कार्यक्रम सञ्चालन गर्दै आइरहेको निर्देशक डा. लालले बताए ।

'हात्तीपाइले रोग विरुद्ध खुवाइने औषधिबारे जनमानसमा नकारात्मक प्रभाव परेको छ । यो औषधि परीक्षणका लागि खुवाइँदै छ भन्ने भ्रम छरिएको छ, यो नितान्त गलत कुरा हो किनभने हात्तीपाइले विरुद्ध खुवाइने औषधि विश्वभर सयौं वर्षदेखि नै खाँदै र खुवाइदै आइरहेको छ,' डा. लाले भने, 'दुई किसिमका औषधिहरू प्रयोग हुन्छन्, जुन पूर्णरूपमा सुरक्षित छन् । हालसम्म विश्वभर अरबौं मात्रामा र नेपालमा पटक-पटक गरि ११ करोड भन्दा बढि मात्रामा यी औषधि खुवाइसकिएको छ ।'

त्यस्तै हात्तीपाइले रोगको औषधि २ वर्ष नपुगेका बालबालिका, गर्भवती तथा सात दिनसम्मका सुत्केरी महिला, सिकिस्त बिरामीले खानु हुँदैन । क्यान्सर, मुटु, फोक्सो, मिर्गौलाको रोग भएका व्यक्ति र छारोरोग भएकाले पनि हात्तीपाइलेको औषधि सेवन गर्न हुँदैन । त्यस्तै २४ घण्टाभित्र कडा ज्वरो आएका बिरामी र कडा कुपोषण भएका ५ वर्षमुनिका बालबालिकाले पनि यो औषधि सेवन गर्न नहुने महाशाखाले जनाएको छ । त्यस्तै खालीपेटमा यो औषधि सेवन नगर्न भन्दै उनले भने, ' शरीरमा हात्तीपाइले रोगको परजीवि भएका व्यक्तिहरूमा औषधि सेवनपछि सामान्य टाउको दुखाइ, वाकवाकी लाग्ने तथा पेट दुख्ने हुनसक्छ । यदि त्यस्तो भएमा औषधिले प्रभावकारी काम गर्दैछ भन्ने बुझ्नुपर्दछ तर लामो समयसम्म यस्ता लक्षण रहिरहेमा नजिकैको स्वास्थ्य केन्द्रमा जानुपर्छ ।' यसअघि नेपालमा सन् २००३ देखि नै हात्तीपाइले रोग निवारण अभियान सुरु गरिएको थियो । सुरुमा हात्तीपाइलेको जोखिम पहिचान भएका ६३ जिल्लामा औषधि खुवाइएकोमा हाल १३ जिल्लामा आइपुगेको छ । तर, सन् २०२० का लागि राखिएको निवारण लक्ष्यमा भने सरकार विफल भएको छ । १७ वर्षदेखि हात्तीपाइलेविरुद्धको अभियान चलाइरहेको सरकारसँग रोगबाट पीडित बिरामीको संख्या र अवस्थाबारे भने कुनै तथ्यांक नभएको जनाएको छ । बिरामीको संख्या नै थाहा नभएपछि अभियानले रोग बढ्न दियो वा दिएन, औषधिको कस्तो प्रभाव पर्‍यो लगायत अत्यावश्यक विश्लेषण तथा परिमार्जनमा असर पुगेको छ । यसले कार्यक्रम प्रभावकारी बन्न नसक्दा नै निवारण लक्ष्य हासिल नभएको विज्ञहरूको विश्लेषण छ ।

# अत्याधुनिक शौचालय बनाउँदै 'एनआरएन'

■ सौर्य समाचार

काठमाडौं । गैरआवासीय नेपाली संघ (एनआरएनए) ले मानिसको अत्यधिक भीड हुने काठमाडौं उपत्यकाका तीन स्थानमा अत्याधुनिक सुविधासम्पन्न सार्वजनिक शौचालय निर्माण गर्ने भएको छ । शौचालय निर्माणका लागि काठमाडौं महानगरपालिकासँग स्थानको माग गरिए पनि निर्माणमा लाग्ने सम्पूर्ण खर्च भने संघले नै व्यहोर्ने छ । चार स्थानमा निर्माण गर्ने लक्ष्य रहेपनि पहिलो चरणमा कलंकी र कोटेश्वरमा शौचालय निर्माण गरिने छ । ती दुई स्थानका लागि आगामी हप्ता बोलपत्र आह्वान गर्ने तयारी छ । त्यसैगरी संघले चाबहिलमा चाहे पनि निर्माणका लागि कामपाले स्वीकृति दिएको छैन । महाराजगञ्जमा भने दोस्रो चरणमा निर्माण गरिने एनआरएनका अध्यक्ष कुमार पन्तले जानकारी दिए । अध्यक्ष पन्तले भने, 'निर्माण गर्न लागिएका सबै शौचालयहरू लैंगिकमैत्री, शारीरिक अपांगमैत्री र बालबालिकाले समेत सहज प्रयोग गर्न सक्ने खालका हुन्छन् ।'

अध्यक्ष पन्तका अनुसार एउटा शौचालय निर्माणका लागि ६५ लाख लाग्ने छ । एउटा शौचालय निर्माणका लागि तीन महिना लाग्ने अनुमान गरिएको छ । बढीमा आगामी आठ महिनामा सर्वसाधारणले राम्रो शौचालय प्रयोग गर्न पाउनेछन् । शौचालय निर्माणपछि व्यवस्थापनको जिम्मा भने कुनै एक कम्पनीलाई दिने निर्णय भएको एनआरएनका सहायक कार्यक्रम अधिकृत कुनाल मिश्रले जानकारी दिए ।

राजधानी काठमाडौं सञ्चालनमा रहेका सार्वजनिक शौचालयमा पानी अभाव हुँदा अत्यन्तै फोहर र दुर्गन्धित छ । प्रायः शौचालयहरूमा हात धुन साबुन पनि राखिएको पाइँदैन । सबैले प्रयोग गर्न नसक्ने हुनाले अत्याधुनिक शौचालय निर्माण गर्न लागिएको कार्यक्रम अधिकृत मिश्रले बताए । एक पटकमा बढीमा सात जनासम्मले प्रयोग गर्न सक्ने गरी निर्माण गर्न लागिएको उक्त शौचालय प्रयोग गर्नका लागि न्यून शुल्क लाग्ने भए पनि कति भन्ने विषयमा निर्माणपछि मात्र निश्चित हुने जनाइएको छ ।

चार वर्षदेखि सार्वजनिक शौचालय निर्माणबारे छलफल गर्दै आएको काठमाडौं महानगरपालिकाले पनि सम्पदा क्षेत्र र मानिसको अत्यधिक भीड हुने स्थानलाई पहिलो प्राथमिकतामा राखेर सार्वजनिक शौचालय निर्माण गर्ने तयारी गरेको छ । नयाँ शौचालय निर्माणसँगै मौजूदा सार्वजनिक शौचालयको गुणस्तर सुधार गरिने, तिनमा पहुँच बढाइने तथा पेट्रोल पम्पलगायत सार्वजनिक सेवा प्रदायक निकाय र होटल, रेस्टुराँलगायत निजी तथा व्यावसायिक स्थानमा सञ्चालन भइरहेका शौचालयलाई स्तरोन्नति गरिने कामपा उपप्रमुख हरिप्रभा खड्गीको भनाइ छ ।

अघिल्लो वर्ष नै सामाजिक उत्तरदायित्वअन्तर्गत सार्वजनिक शौचालय निर्माणको कामअघि बढाउन उपप्रमुख श्रेष्ठलाई जिम्मेवारी दिइएको थियो । चालु आर्थिक वर्षमा कामपाले सार्वजनिक शौचालय निर्माणका लागि तीन करोड विनियोजन गरेको छ । पछिल्लो समय कामपाले सहरी योजना आयोग गठन गरी सार्वजनिक शौचालय निर्माणका लागि कामअघि बढाएको जनाए पनि हालसम्म ढाँचा, लागत र स्थानको अध्ययन मात्र गरेको छ ।

शौचालय निर्माणका लागि योजना आयोगसहित विभिन्न संघसंस्थाले केही महिनाअघि गरेको अध्ययनानुसार मानिसको संख्याका आधारमा सार्वजनिक शौचालय अत्यन्तै कम रहेकाले निर्माणको काम सुरु गर्नुपर्ने छ । शौचालय सञ्चालनका लागि कामपासँग जग्गा कम भए पनि विभिन्न सरकारी तथा संस्थानका जग्गा भाडा वा अन्य विधिबाट प्राप्त गरी सार्वजनिक शौचालयको विस्तार गर्न पहल गरिहाल्नुपर्ने अध्ययनले देखाएको छ । हाल कामपामा ५८ सार्वजनिक शौचालय सञ्चालनमा छन् । सञ्चालमा रहेकामध्ये २८ प्रयोगमा रहेको र तिनमा पनि सरसफाइको अभाव छ । नेपाल आयल निगम, कर्मचारी सञ्चय कोष, सांस्कृतिक संस्थान, गुठी संस्थान, त्रिभुवन विश्वविद्यालयलगायत संस्थासँग सहकार्य गरी सार्वजनिक शौचालय निर्माण गर्न सकिने प्रतिवेदनमा उल्लेख छ ।

अध्ययनअनुसर आवश्यकता हेरी ६९ स्थानमा नयाँ शौचालय निर्माण गर्न सकिने छ । निर्माणका लागि छ नमुना तयार भएको छ । सबै नमुनाको अध्ययन गरी कम लागतमा टिकाउ शौचालय निर्माण कामपाको छनोटमा रहने उपप्रमुख खड्गीले बताइन् । अध्ययनानुसार सार्वजनिक शौचालय निर्माणका लागि आवश्यक स्थानमा टेकु, सानेपा पुल नजिक, कालीमाटी, कलंकी, सीतापाइला, बालाजु, माछापोखरी, गोंगबुं, महाराजगञ्ज, सुकेधारा, चाबहिल, मित्रपार्क, जयबागेश्वरी, गौशाला, तीनकुने, कोटेश्वर, नयाँबानेश्वर, बबरमहल, थापाथली, त्रिपुरेश्वर, सुनधारा एनएसीतर्फ, जुद्ध सालिक वरपर, हनुमानढोका, जमल, लैनचौर, स्रोह्रखुट्टे, बल्खु तथा कुलेश्वरलगायतलाई चयन गरिएको छ ।

# ठेकेदारका कारण ९६ पुल अलपत्र

■ सौर्य समाचार



काठमाडौं । ठेकेदार कम्पनीको लापरबाहीका कारण देशभरका ९६ वटा पक्की पुल अलपत्र परेका तथ्यांक सार्वजनिक भएको छ । सोमबार प्रतिनिधिसभा अन्तर्गतको विकास तथा प्रविधि समितिको बैठकमा बोल्दै सांसदहरूले यस्तो तथ्यांक पेश गरेका हुन् ।

वाग्मति नदी जोड्ने पुल,बौद्ध ताम्रागंगा नयाँपाटि, भद्रवास काठमाडौं त्रिशुली नदी पुल बेनिघाट, चौरीखोला दोलालघाटग गुंरासे सडक, सूर्यनाया नदी पुल बैतडी, भेरी नदी पुल जाजरकोट,मर्स्यांदी पुल लमजुङ, गोंगाल नदी पुल पर्सा मिदिम खोला पुल लमजुङगलगायत ९६ वटा पुल निर्माण व्यवसायीका कारण अलपत्र अवस्थामा रहेका छन् । उनीहरूले पुलको निर्माण कार्य लथालिंग हुँदा पनि सरोकारवाला निकाय भने मौन भएकोमा आक्रोश व्यक्त गरेका थिए । योजना आयोग, अर्थ मन्त्रालय र भौतिक निमाण मन्त्रालयबीच समन्वय हुन नसक्दा थप समस्या आएको सांसदहरूको भनाइ थियो ।

बैठकमा पप्पु कन्स्ट्रक्सनको बेइमानी मिडियाले खुलासा गरे पनि अन्य निर्माण कम्पनीहरूको विषयमा भने राज्य नै मौन बनिदिँदा बदमासी सार्वजनिक हुन नसकेको विषयमा कुरा उठेको थियो । हाल देशभर १६ सय वटा पुल निर्माण कार्य भए पनि ९६ वटा पुल निर्माणमा समस्या रहेको छ ।

# आनन्दवनद्वारा ६ हजारको उपचार



■ सौर्य समाचार

काठमाडौं । गोदावरी नगरपालिकास्थित आनन्दवन अस्पतालमा गत वर्ष बहिरंग विभागमा ६ हजार १८५ बिरामीले उपचार सेवा लिएका छन् । कुष्ठरोगसम्बन्धी कार्यक्रमसमेत गर्दै आएको सो अस्पतालमा उक्त अवधिमा ८६५ बिरामी भर्ना भएर उपचार गराएका थिए ।

अस्पतालमा सबै उमेर र क्षेत्रका मानिस उपचारका लागि आउने गरेको चिकित्सक डा.महेश साहले बताए । देशभित्र मात्रै नभएर कतिपय विदेशीसमेत आइरहेका छन् । उनले भने, 'विदेशीमा बढी भारतीय छन् र अरू दक्षिण एसियाली देशबाट छन् ।' अस्पतालले गम्भीर किसिमका घाउ भएका बिरामीको पुनःस्थापना शल्यक्रिया (रिकन्सट्रक्टिभ सर्जरी) गर्दै आएको अस्पतालमा कार्यरत चिकित्सक डा.साहले बताए । अस्पतालले गत वर्ष नै ११३ जनाको यस किसिमको शल्यक्रिया गरेको थियो ।

दि लेप्रोसी मिसन नेपाल नामक गैरसरकारी संस्थाले सञ्चालन गरिरहेको अस्पतालमा कुष्ठरोगका लागि ८० श्यैया निःशुल्क छ । अस्पतालले कुष्ठरोग प्रभावितलाई स्वयम हेरचाह र पुनःस्थापना सेवा निःशुल्क दिँदै आएको छ । हालसम्म उपचार गराएका बिरामीको संख्या २१ हजार ३३९ पुगेको अस्पताल

## ग्याँसको...

मूल्य प्रणाली कार्यान्वयन कार्यविधि, २०७१' अनुसार प्रत्येक १५/१५ दिनमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्दै आएको छ । भारतीय आयल निगमले प्रत्येक अंग्रेजी महिनाको १ र १६ तारिखमा पेट्रोलियम पदार्थको नयाँ मूल्यसूची पठाउँदै आएको छ । मूल्य समायोजनपश्चात् भारतमा भन्दा नेपालमा इन्धन मूल्य सस्तो छ । वीरगन्ज नाकामा इन्धनको मूल्य भारतको रक्सौलमा कायम पेट्रोलको बिक्री मूल्यभन्दा प्रतिलिटर १६ रुपैयाँ ४० पैसा र डिजलको मूल्य प्रतिलिटर १६ रुपैयाँ २७ पैसा सस्तो रहेको निगमले जनाएको छ ।

## भक्तपुरमा...

झन्डै एक लाख ४० हजार रोपनी क्षेत्रफलमा चार नयाँ सहर निर्माण गरी व्यवस्थित बस्ती विकासको योजना अगाडि सारेको छ ।

सरकारले नयाँ सहर विकास गर्ने क्षेत्रमा आठ आनाभन्दा कम जग्गा कित्ताकाट गर्न नपाउने र नयाँ भवन निर्माणमा रोक लगाएको भए पनि भूकम्पले क्षति भएका घरलाई साविकको जगमा निर्माण गर्न भने पुनःनिर्माण प्राधिकरणले दिएको अधिकारलाई दुरुपयोग गरी स्थानीय तहले घर निर्माणलाई सहमति दिएका छन् । जसका कारण सरकारले अघि सारेको नयाँ सहर निर्माणलाई प्रभाव पारेका छन् । स्याटेलाइट सिटी निर्माण गर्न सरकारले स्थानीयको जग्गा एकीकरण गरी विभिन्न अत्यावश्यक पूर्वाधार निर्माण गर्दै व्यवस्थित बस्ती विकास गर्ने भएको छ । सम्पूर्ण पूर्वाधारयुक्त बस्ती विकासपछि स्थानीयलाई जग्गा हस्तान्तरण गर्ने योजना रहेको आयुक्त तिवारीले जानकारी दिए ।

उक्त डिपीआरलाई प्राधिकरण सञ्चालक समितिले पास गर्नुपर्नेछ । त्यसपछि सहरी विकासमन्त्रीको संयोजकत्वको भौतिक विकास समितिले अनुमोदन गरेसँगै मन्त्रालयले डिपीआर मन्त्रिपरिषद्मा पेस गरी पास भएपछि सम्बन्धित नगरपालिकाको नगरप्रमुखको अध्यक्षतामा व्यवस्थापन समिति गठन हुनेछ । प्रत्येक बस्तीमा उपभोक्ता समिति निर्माण गरी सहरी विकास मन्त्रालय, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय लगानीकर्ताको लगानीमा सहर निर्माणको काम सुरु हुने आयुक्त तिवारीको भनाइ थियो । स्याटेलाइट सिटी विकासपछि यस्ता पाइने छैन । बालकोट, गुण्डु, दधिकोट, सिरुटार आग्नेय कोणका लागि चाइनाको प्रतिष्ठित कम्पनीले लगानी गर्न इच्छा देखाउँदै लगानी बोर्डमा आशयपत्र बुझाएको सांसद बस्नेतले जानकारी दिए ।

यस्ता सहरमा साइकल लेनसहितको सडक र पूर्वाधारलाई मुख्य प्राथमिकता दिइने, प्रशस्त खुला क्षेत्रहरू राख्ने, आवश्यक खेल मैदान, पार्क, पौडी पोखरी, हरियाली, यातायात सञ्जाल, खानेपानी, बिजुली, शिक्षा, स्वास्थ्यलगायत पूर्वाधारसमेतको विकास गरिनेछ । स्याटेलाइट सिटीमा आवासीय, व्यापारिक र औद्योगिक क्षेत्रलाई छुट्टाछुट्टै स्थानमा व्यवस्थित गरिनेछ । विद्युत् तथा इन्टरनेट, टेलिफोन तारलाई भूमिगत गर्ने, फोहोरमैला व्यवस्थापन गर्ने योजना छ । भक्तपुरलाई समेटेर दुईवटासँगै सरकारले तेस्रो सिटीका रूपमा ललितपुरमा १० हजार रोपनी क्षेत्रफलमा अर्को सहर विकास गर्नेछ । ललितपुरको पूर्वमा खोकना बुङमती भएर छम्पी जाने बाटो हुँदै तत्कालीन वडा नम्बर २ देखि ६ सम्म, पश्चिम र दक्षिणतर्फ वाग्मती नदीको सीमासम्म र उत्तरतर्फ साविकको सैँबुसम्म यो सहर विस्तार गरिनेछ । यसलाई 'नैऋत्य' सहर नाम दिएको छ ।

काठमाडौंमा चौथो सहर 'उत्तर' को रुपमा सामाखुसी, टोखा सडक हुँदै बाइपाससम्म सीमा निर्धारण गरिएको छ । यसको उत्तरतर्फ सपनतीर्थ मालुङ हुँदै काभ्रेस्थलीको बाटोसम्म फैलिने, दक्षिणमा ग्रिननल्यान्ड चोकदेखि महादेवखोला काभ्रेस्थली मूल सडकलाई छुने भएको छ । त्यस्तै पश्चिमतर्फ काभ्रेस्थलीदेखि बाइपास आउने मूल सडकसम्म १० हजार रोपनीमा यो सहर फैलिनेछ । तीनवटा प्रस्तावित नयाँ सहरको डिपीआर तयार भए पनि अन्तिम 'उत्तर' को डिपीआर भने चालू आवभित्र तयार हुनेछ । चारवटा यो सहर निर्माणका लागि करिब रु दुई खर्ब ४० अर्ब लाग्ने अनुमान छ । आगामी १० वर्षभित्र स्याटेलाइट सिटीको विकास गरी यो चार सहरमा पाँच लाख मानिस बस्न सक्ने गरी व्यवस्थापन गर्ने गरी कार्य अगाडि बढाइएको आयुक्त तिवारीले जानकारी दिए ।

## कुखुराको...

उनीहरूको भनाइ छ । तर यता उपभोक्ताबादीले अहिले बजारमा मासु र लसुनको मूल्य बढनु प्रमुख कारण कालाबजारी गर्नेको चलखेल रहेको बताउँछन् । राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष पल्किएकाहरूको कारण बजारभाउ आकासिएको दाबी गरेका छन् । चिनमा कोरोना भाइरसको संक्रमण बढेको भन्दै व्यापारीहरूले कालोबजारी गरिरहेको आरोप लाग्न थालेको छ ।

केही समयअघि कुखुराको चल्ला मार्ने काम नियोजित रूपमा गरिएको भन्दै कालोबजारीका माफियाहरूलाई कारबाही नगरेसम्म यो चलिरहने अध्यक्ष महर्जनको भनाइ छ । सरकारलाई असफल बनाउन केही राजनीतिकदल माफियासँग मिलेर कालोबजारीमा लागेको समेत उनले दाबी गरे । ब्रोइलर कुखुराको मासु र लसुनको मूल्य आकासिएको त अहिले हो । हरेक क्षेत्रमा बिचौलियाको कारण उपभोक्ताले चर्को मूल्य तिर्नुपरेको हुन्छ । उत्पादनकर्ताले लागतसम्म उठाउन पाइरहेका हुँदैनन् । उपभोक्ताबाट चर्को मूल्य लिने र उत्पादनकर्तालाई कम दिएर बिचौलिया मालामाल भइरहेका हुन्छन् ।

यता कुखुरा उत्पादक संघका अध्यक्ष झनक पौडेल ठूला कोल्ड स्टोरका विचौलियाका कारण मासुको मूल्य आकासिएको आरोप लगाउँछन् । विगतदेखि कोल्ड स्टोरका मालिकहरूले किसानसँग कुखुरा छैन भनेर मूल्य बढाउने गरेको आरोप छ । मासुको मूल्य बजारमा सन्तुलन राख्न ठूला कोल्ड स्टोरका विचौलियालाई सरकारले कारबाही गर्नुपर्ने अध्यक्ष पौडेलको जोड छ । किसानले जहिले पनि बजार मूल्य नपाउने र विचौलियाहरू सधैं मोटाउने रहेको अवस्था रहँदै आएको छ ।

## बारम्बार...

त्यसलाई सच्याउने र हस्ताक्षर गर्ने व्यक्ति फरकफरक रहेका हुन्छन् । तर, पनि यसरी बारम्बार गल्ती दोहोर्‍याउनु कर्मचारीको निकम्पापन र हेपाह प्रवृत्ति भएको कतिपय विश्लेषकहरूको भनाइ छ । नागरिकका लागि सरकारको अनुभूति सरकारी वेतनभोगी राष्ट्र तथा नागरिकको सेवामा खटिएका कर्मचारीको आचरण, व्यवहार तथा कार्यसम्पादनको सम्मिश्रण हो । तर, कर्मचारीका यस्ता व्यवहारले जनता निरास हुने गरेका छन् ।

डेनमार्क, फिनल्याड, स्वीडेन, न्युजिल्यान्डलगायत देशमा सरकारी कर्मचारीको निष्कलंकता, पारदर्शिता तथा सेवाभावकै कारण अति न्यून भ्रष्टाचार हुने गरेको छ । नेपालमा भने सरकारी कामकाजमा र सरकारी कर्मचारीबाटै चरम भ्रष्टाचार हुने गरेको सेवाग्राही स्वयम्

# भक्तपुरमा दुई 'स्याटेलाइट सिटी' बन्ने

■ रमेश गिरी

काठमाडौं । सरकारले भक्तपुरका दुई ठाउँमा 'स्याटेलाइट सिटी' बनाउने भएको छ । काठमाडौंभित्र बनाइने चारमध्ये दुई भक्तपुरमा बन्ने भएको हो । काठमाडौं उपत्यका विकास प्राधिकरणले भक्तपुरमा निर्माण हुने स्याटेलाइट सिटीको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) निर्माण गरेको छ । सरकारले काठमाडौं उपत्यकाको पूर्वतर्फ करिब एक लाख रोपनीमा फैलिने गरी सबैभन्दा ठूलो अत्याधुनिक सहर बनाउने भएको हो । उपत्यकाबाट 'इशान' कोणको रूपमा लिइएको यसलाई भक्तपुरको नगरकोट जाने सडक, तेलकोट सडक, पश्चिमतर्फ जोरपाटी, क्रिकेट मैदान, मूलपानी, गोठाटार हुँदै मनोहरा पुलसम्म फैलिने सांसद महेश बस्नेतले जानकारी दिए ।

यस कोणको उत्तरमा साँखु बजार र साँखु जाने मूल सडकसम्म विस्तार हुने यो शहर भक्तपुरको पुरानो थिमिको बाटो, सैनिक प्रतिष्ठान खरिपाटी, भक्तपुर नगरपालिकाको इतापाके जग्गा एकीकरण आयोजनासहितको क्षेत्रमा फैलिने भएको बस्नेतले जानकारी दिए । निर्माण भएको डिपीआरअनुसार यो शहर निर्माणका लागि एक खर्ब खर्च हुने भएको प्राधिकणका आयुक्त भाइकाजी तिवारीले जानकारी दिए । सरकारले विकास गर्न लागेको यो सबैभन्दा ठूलो बस्ती विकास हुने गरी योजना तयार पारिएको बताइएको छ । चाँगुनारायण नगरपालिकाको करिब ६० हजार रोपनी र भक्तपुर, मध्यपुरथिमि, कागेश्वरी मनोहरा, शंखरापुर नगरपालिका गरी पाँचवटा नगरपालिकामा फैलिनेछ ।

स्याटेलाइट सिटीमध्ये 'आग्नेय' शहरतर्फ भने करिब १८ हजार रोपनीमा फैलिनेछ । यो सहरले पूर्वतर्फ भक्तपुरको सूर्यविनायक चोकदेखि सूर्यविनायक गणेश मन्दिर अगाडिको वनक्षेत्रलाई समेट्दै पश्चिमतर्फ



गुण्डुको खहरे खोला, नयाँ बालकोट, बिरूवा सडक, पानी ट्याङ्की, पुरानो बालकोट, अमरनगर, थिमि हुँदै अरनिको राजमार्गसम्म फैलिनेछ । त्यस्तै उत्तरतर्फ अरनिको राजमार्ग हुँदै दक्षिणतर्फ सिलामगाल, रानीकोट जंगलछेउ, अनन्तलिंगेश्वर फेदी, तर्खगाल, पाल्लेटार, बिरूवा हुँदै खहरेसम्म यो सहर फैलिने गरी सीमा निर्धारण गर्दै डीपीआर तयार भएको छ । प्राधिकरणका अनुसार यो सहर निर्माणका लागि १० अर्बभन्दा बढी खर्च हुनेछ । सरकारले उपत्यकाभित्रै झण्डै एक लाख ४० हजार रोपनी क्षेत्रफलमा चार नयाँ सहर निर्माण गरी व्यवस्थित बस्ती विकासको योजना अगाडि सारेको छ । सरकारले नयाँ सहर विकास गर्ने क्षेत्रमा आठ आनाभन्दा कम जग्गा कित्ताकाट गर्न नपाउने र नयाँ भवन निर्माणमा रोक लगाएको भए पनि भूकम्पले क्षति भएका घरलाई साविकको जगमा निर्माण गर्न भने पुनःनिर्माण प्राधिकरणले दिएको अधिकारलाई दुरूपयोग गरी स्थानीय तहले घर निर्माणलाई सहमति दिएका छन् । जसका कारण सरकारले अघि सारेको नयाँ सहर निर्माणलाई प्रभाव पारेका छन् । स्याटेलाइट सिटी निर्माण गर्न सरकारले स्थानीयको जग्गा एकीकरण गरी विभिन्न अत्यावश्यक पूर्वाधार निर्माण गर्दै व्यवस्थित बस्ती विकास गर्ने भएको छ । सम्पूर्ण पूर्वाधारयुक्त बस्ती विकासपछि स्थानीयलाई जग्गा हस्तान्तरण गर्ने योजना रहेको आयुक्त तिवारीले जानकारी दिए ।

उक्त डिपीआरलाई प्राधिकरण सञ्चालक समितिले पास गर्नुपर्नेछ । त्यसपछि सहरी विकासमन्त्रीको संयोजकत्वको भौतिक विकास समितिले अनुमोदन गरेसँगै मन्त्रालयले डिपीआर मन्त्रिपरिषद्मा पेश गरी पास भएपछि सम्बन्धित नगरपालिकाको नगरप्रमुखको अध्यक्षतामा व्यवस्थापन समिति गठन हुनेछ । प्रत्येक बस्तीमा उपभोक्ता समिति निर्माण गरी शहरी विकास मन्त्रालय, निजी क्षेत्र तथा अन्तर्राष्ट्रिय लगानीकर्ताको लगानीमा सहर निर्माणको काम सुरु हुने आयुक्त तिवारीको भनाइ थियो । स्याटेलाइट सिटी विकासपछि यस्ता सहरमा जथाभावी घडेरी टुक्रापारी बिक्री भने गर्न पाइने छैन । बालकोट, गुण्डु, दधिकोट, सिरूटार आग्नेय कोणका लागि चाइनाको प्रतिष्ठित कम्पनीले लगानी गर्न इच्छा देखाउँदै लगानी बोर्डमा आशयपत्र बुझाएको सांसद बस्नेतले जानकारी दिए ।

यस्ता सहरमा साइकल लेनसहितको सडक र पूर्वाधारलाई मुख्य प्राथमिकता दिइने, प्रशस्त खुला क्षेत्रहरू राख्ने, आवश्यक खेल मैदान, पार्क, पौडी पोखरी, हरियाली, यातायात सञ्जाल, खानेपानी, बिजुली, शिक्षा, स्वास्थ्यलगायत पूर्वाधारसमेतको विकास गरिनेछ । स्याटेलाइट सिटीमा आवासीय, व्यापारिक र औद्योगिक क्षेत्रलाई छुट्टाछुट्टै स्थानमा व्यवस्थित गरिनेछ । विद्युत् तथा इन्टरनेट, टेलिफोन तारलाई भूमिगत गर्ने, फोहोरमैला व्यवस्थापन गर्ने योजना छ । भक्तपुरलाई समेटेर दुईवटासँगै सरकारले तेस्रो सिटीका रूपमा ललितपुरमा १० हजार रोपनी क्षेत्रफलमा अर्को सहर विकास गर्नेछ । ललितपुरको पूर्वमा खोकना बुङमती भएर छम्पी जाने बाटो हुँदै तत्कालीन वडा नम्बर २ देखि ६ सम्म, पश्चिम र दक्षिणतर्फ वाग्मती नदीको सीमासम्म र उत्तरतर्फ साविकको सैँबुसम्म यो सहर विस्तार गरिनेछ । यसलाई 'नैॠत्य' सहर नाम दिएको छ ।

काठमाडौंमा चौथो शहर 'उत्तर' को रूपमा सामाखुसी, टोखा सडक हुँदै बाइपाससम्म सीमा निर्धारण गरिएको छ । यसको उत्तरतर्फ सपनतीर्थ मालुङ हुँदै काभ्रेस्थलीको बाटोसम्म फैलिने, दक्षिणमा ग्रिननल्यान्ड चोकदेखि महादेवखोला काभ्रेस्थली मूल सडकलाई छुने भएको छ । त्यस्तै पश्चिमतर्फ काभ्रेस्थलीदेखि बाइपास आउने मूल सडकसम्म १० हजार रोपनीमा यो सहर फैलिनेछ । तीनवटा प्रस्तावित नयाँ सहरको डिपीआर तयार भए पनि अन्तिम 'उत्तर' को डिपीआर भने चालू आवभित्र तयार हुनेछ । चारवटा यो सहर निर्माणका लागि करिब दुई खर्ब ४० अर्ब लाग्ने अनुमान छ । आगामी १० वर्षभित्र स्याटेलाइट सिटीको विकास गरी यो चार सहरमा पाँच लाख मानिस बस्न सक्ने गरी व्यवस्थापन गर्ने गरी कार्य अगाडि बढाइएको आयुक्त तिवारीले जानकारी दिए ।

# कोरोना भाइरसबारे सचेतना फैलाउँदै प्रहरी

■ कृष्णप्रसाद अधिकारी



दैलेख । जिल्ला प्रहरी कार्यालय दैलेखले कोरोना भाइरस संक्रमणको सम्भावना र सजगताबारे सचेतना फैलाएको छ । आइतबार नारायण नगरपालिका, सदरमुकामको त्रिभुवन माध्यमिक विद्यालय दैलेखमा गरेको कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालयका डाक्टर जगत थापाले सहजीकरण गरेका थिए । कार्यक्रमा डा. थापाले छिमेकी देश चीनमा कोरोना भाइरस फैलिएको कारण रोकथामको लागि व्यक्तिगत सरसफाइमा ध्यान दिन सुझाब दिएका छन् । सचेतना कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव उपरीक्षक हरिबहादुर ओली, स्वास्थ्य कार्यालय दैलेखका प्रमुख थिरप्रसाद रेग्मी र त्रिभुवन माध्यमीक विद्यालय दैलेखका प्रधानाध्यापक निरक तारामीले कोरोना भाइरस लक्षण र रोकथामका उपायबारे आफ्नो धारण राखे । कोरोना भाइरस फैलिएको चार हप्तामा चीनको हुवान प्रान्तमा २ सय ७० जनाको मृत्यु भइसकेको छ ।, नेपालमा २ जनामा संक्रमण भेटिएको बताइएको छ ।

कोरोना भाइरसबाट बच्न भ्याक्सिन पत्ता नलागेको कारण यसबाट बच्न नेपाल सरकारले सचेतना अभियान चलाउने नीति लिए अनुसार जिल्ला प्रहरी कार्यालय दैलेखले स्वास्थ्य कार्यालयसंगको समन्वयमा दैलेख जिल्लामा पनि कार्यक्रम गरेको हो । आइतबार भएको सचेतना कार्यक्रममा माध्यमिक विद्यालयका शिक्षक, विद्यार्थी साथै पत्रकार गरी करीब चार सय जनाको सहमागीता रहेको थियो । समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत 'कोरोना भाईरस' घातक भाइरस भएको कारणले यसको बारेमा समयमै नागरिकलाई सचेत पार्नेको लागि जिल्लाको सबै ठाउँमा निरन्तरजनचेतना मुलक कार्यक्रम गरिने डिएसपी ओलीले बताए ।

# सडकपेटीका निर्माण सामग्री जफत



■ सौर्य समाचार

वीरगञ्ज । महानगरपालिकाको नगरप्रहरी र आदर्शनगर ग्रिनसिटी सामुदायिक सेवा केन्द्रको संयुक्त प्रयासमा आदर्शनगर क्षेत्रमा जथाभावी राखिएका निर्माण सामग्री जफत गर्ने अभियान सुरू भएको छ । सडक फुटपाथमा निर्माण सामग्री राख्दा महानगरसँग इजाजत नलिएको र जथाभावी निर्माण सामग्री थुपारेर आवागमनमा अवरोध पुऱ्याएको कारण महानगरपालिकाले सामुदायिक सेवा केन्द्रसँगको सहकार्यमा यो अभियान चालेको हो । महानगरपालिका अन्तर्गतका सडक, फुटपाथमा इजाजत लिएर मात्र चौबिस घण्टाको लागि मात्र निर्माण सामग्री राख्न पाउने व्यवस्था छ । तर, अहिलेसम्म कसैले पनि इजाजत लिएका छैनन् । इजाजत नलिएर जथाभावी निर्माण सामग्री राख्दा सडक, फुटपाथको आयु कम हुने, नगर कुरूप देखिने, सर्वसाधारणलाई आवागमनमा अप्ठेरो हुने जस्ता समस्याहरू छन् । सडक र फुटपाथलाई सुरक्षित बनाउनको लागि महानगरपालिकाले अभियान चालेको आदर्शनगर ग्रिनसिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष प्रकाश खेतानले बताए । उनले एक्साभेटर, ट्याक्टरको प्रयोग गरी नगरसभागृह जाने क्षैँत्रमा राखिएका निर्माण सामग्री जफत गरिएको बताए ।

कार्यक्रमलाई अभियानको रूपमा लाने र आदर्शनगर ग्रिनसिटी अन्तर्गतका सबै ठाउँमा इजाजतविना तोकिएको समयभन्दा बढी समयसम्म निर्माण सामग्री सडक फुटपाथमा राखिएको खण्डमा जफत गर्ने र नियमबमोजिम कारबाई गराउने अध्यक्ष खेतानले बताए । ग्रिनसिटी सामुदायिक केन्द्रले आदर्शनगर क्षेत्रलाई सुन्दर र रमणीय बनाउनको लागि सबै पोलमा झिलीमिली बत्ती बालेको छ, सोलार बत्ती जडान गरेको छ, सडक फुटपाथमा वृक्षरोपण गरेको छ, वाइफाई सेवा निःशुल्क व्यवस्था गरेको छ, पिउनको लागि चिसो-तातो पानीको व्यवस्था र वेलावेलामा विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गरेर आदर्शनगरलाई अहिले महानगरको उदाहरणीय क्षैँत्र बनाएको छ ।

# मलेखुबाट स्काभेक्टर स्थानीयको नियन्त्रणमा



■ सौर्य समाचार

धादिङ । बेनिघाट रोराङ गाँउपालिकास्थित ताल्तिमा अबैध रूपमा मलेखु खोला दोहन गरिरहेको अवस्थामा स्थानीयले चालकसहितको स्काभेक्टर नियन्त्रणमा लियका छन् । दैनिक बिहानीपख ३ बजेदेखि स्काभेटर र केही ट्रिपर प्रयोग गर्दै लगातार मलेखु खोलामा अवैध उत्खनन हुने गरेको थियो ।

मलेखु खोला दोहनको स्थानीयरूपमा व्यापक विरोध सुरु हुन थालेपछि नेकपा बेनिघाट-रोराङ गाँउपालिका- २ का संयोजक समेत रहेका विष्णु थापा र इन्चार्ज हेमराज भुजेल सहितको टोलीले सोमबार सो अवैध उत्खनन गरिरहेको स्काभेटरलाई नियन्त्रणमा लिएको स्थानीय सुनील भुजेलले जानकारी दिए ।

भुजेलका अनुसार, स्काभेटरले प्रत्येक दिन लगातार मलेखु खोलाबाट अवैध उत्खनन गरिरहेको थियो । स्थानीयले स्काभेक्टरसहित चालक जोगिमारा निवासी ३० वर्षीय मोहन घलेलाई समेत नियन्त्रणमा लिएका छन् ।

स्काभेटर नियन्त्रणपछि स्थानीयको खबर पाएको इलाका प्रहरी कार्यालय गजुरी र ताल्ती प्रहरीको टोली घटनास्थलमा पुगेका थिए । स्थानीयवासीले खबर गरेलगत्तै तत्कालै हामी घटनास्थल पुग्यौं चालकसहित स्काभेटर नियन्त्रण गरिसकेका रहेछन् । घटनाबारे स्थलगत अध्ययन गरिरहेका छौं ।

'चालक र स्काभेटरको चाबी हामीले जिम्मा लियौं । प्रक्रिया अनुसार कारबाही गर्छौं' ईलाका प्रहरी कार्यालय गजुरीका प्रहरी निरीक्षक भोजराज पाण्डेले भने ।

यता मलेखु खोलाबाट अबैध उत्खननमा प्रयोग गरिएको स्काभेक्टर स्थानीयसमेत रहेका ईश्वर रावलको रहेको बताइएको छ । स्थानीयका अनुसार रावल बेनिघाट-रोराङ गाउँपालिका- २ ताल्ती स्थित विवादित युनाइटेड क्रसरका सञ्चालकसमेत हुन् ।

बेनिघाट-रोराङ गाँउपालिका पदाधिकारी तथा आफन्तसमेतको लगानी रहेको भनिएको उक्त क्रसरलाई बेनिघाट-रोराङ गाउँपालिकाले गत वर्ष आफुसँग नभएको अधिकार प्रयोग गरेर सञ्चालन अनुमति दिएको थियो ।

रावलले रातभर नदि दोहन गरेर संकलन गरिएको नदिजन्य पदार्थ सोही विवादित क्रसरमा लैजाने गरेको समेत स्थानीयको भनाइ छ । स्थानीय प्रशासन, प्रहरी र राजनीतिक दल सहितको मिलेमतोमा क्रसरलाई अवैधरूमा काम गरिरहँदासमेत उन्मुक्ति दिँदै आइरहेको आरोप छ ।

# भन्सारको जाँचपासमा गडबडी

■ सौर्य समाचार

वीरगञ्ज । भन्सारको आइसिपी भन्सारबाट जाँचपास भई काठमाडौं गइरहेका दुईवटा विलासी कार टेस्लालाई पुनः भन्सार यार्डमा फर्काइ पुनः परीक्षण सुरु भएको छ । वीरगञ्ज भन्सारका कर्मचारी तथा अधिकृतले गरेको गल्तीको चेकजाँच गर्न भन्सार कार्यालयले जाँचबुझ टोली गठन गरी घटनाको अनुसन्धान थालेको छ । वीरगञ्ज भन्सारका सूचना अधिकारी विमलकुमार साहका अनुसार कर अधिकृत रमेश सुकमणि र ईश्वर कार्की दुई सदस्यीय टोली गठन भएको र चाँडै प्रतिवेदन बुझाउन निर्देसन दिइएको छ । टोलीले छानबिन गर्नेक्रममा गाडीको जाँचपासबाट सुरु गरेको छ । हङकङको साउथ चाइना एक्जिम लिमिटेड निर्यातकर्ताबाट दुईवटा अमेरिकन टेस्ला कार काठमाडौंको व्यवसायी ऋषिकुमार तुल्स्यान सञ्चालक रहेको श्रीमा डिस्ट्रिब्युसनले आयात गरेको हो । तर ती गाडीहरू अवैधरूपमा आयात गरी भित्रेको र भन्सारका कर्मचारीको लापरबाहीको कारण ती गाडीहरू जाँचपास भएको खबर सञ्चारमाध्यममा आएसँगै भन्सार विभागले वीरगञ्ज भन्सारलाई गाडी नियन्त्रणमा लिई चेकजाँच गर्न निर्देशन दिएको थियो । 'गाडी नियन्त्रणमा लिन सुरूआतमा एजेन्टलाई सम्पर्क गऱ्यौं, पछि आयातकर्ता कम्पनीका सञ्चालक तुल्स्यानलाई पनि सम्पर्क गऱ्यौं तर कुनै जुक्ति नलागेपछि भिसिटिएसको सहयोग लिएर कार लोड भई काठमाडौं गइरहेको एनएल०१जी६४८८ नंको भारतीय ट्रकलाई ट्र्याक गरेपछि सशस्त्र प्रहरीले नियन्त्रणमा लिई वीरगञ्ज फिर्ता पठाएको हो,' वीरगञ्ज भन्सारका प्रशासक ढुण्डी निरौलाले भने । यस सम्बन्धमा वीरगञ्ज भन्सारका प्रमुख गोपाल खत्रीले भने, 'गाडी चेकजाँचका लागि कर्मचारी तोकेर काम अगाडि बढाएका छौं । सञ्चारमाध्यममा डकुमेन्टेसन पुष्टि हुने आधार भएन भनिएको छ, तर वाणिज्य मन्त्रालयबाट गाडी ल्याउन भनी अनुमति लिएको रहेछ । त्यसैलाई आधार मानेर जाँचपास भएको हो । अब विक्रेताको आधिकारिताको विषयमा छानबिन गरी चाँडै प्रतिवेदन सार्वजनिक गर्छौं ।' सवारी तथा ढुवानी साधन पैठारीको हकमा आर्थिक ऐन २०७६ को अनुसूचि १२ मा स्पष्ट व्यवस्था छ, 'निर्माता कम्पनी वा निजको आधिकारिक विक्रेताबाट खरीद गरिएका नयाँ सवारी वा ढुवानीका साधनहरू नेपालस्थित आधिकारिक विक्रेताहरूले मात्र पैठारी गर्न पाउनेछन्' तर अमेरिकी निर्माता कम्पनी टेस्ला कारको श्रीमा डिस्ट्रिब्युसन आधिकारिक विक्रेता नभएको आशंका छ । श्रीमाले अवैधरूपमा गाडी भित्र्याएर नेपालमा बेच्न खोजेको चर्चा छ ।

# सर्वोच्चको आदेशले रोकियो सडक स्तरोन्नति

■ सौर्य समाचार

वीरगञ्ज । मेनरोड फराकिलो गर्ने विषय अहिले ओझेलमा परेको छ । सडक विभागको साउन १६ गतेको निर्णय अनुसार वीरगञ्जको मेनरोड फराकिलो गर्न व्यापारिक मार्ग विस्तार योजना (वीर**गञ्ज**-पथलैया) कार्यालयले सूचना जारी गरेपछि सोविरुद्ध सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

वीरगञ्जको मेनरोडमा घर भएका ३९ जनाले गत असोज ७ गते सर्वोच्चमा रिट दायर गरेका थिए । सो रिट सम्बन्धमा सर्वोच्चले असोज ८ गते अल्पकालीन अन्तरिम आदेश जारी गर्दै अर्को आदेश जारी नभएसम्म सडक विस्तारमा रोक लगाएको थियो । सडक विभागले जारी गरेको सूचनापछि वीरगञ्जको मेनरोडमा रहेका व्यक्तिहरूबाट भएको वीरगञ्ज बचाऊ कार्यक्रमविरूद्ध स्थानीय युवाहरूको समूहले प्रतिकार आन्दोलन सुरु गरेका थिए ।

सडक विभागले छठपछि असोज मसान्तदेखि सडक फराकिलो गर्ने सूचना जारी गरेपछि मेनरोड फराकिलो गर्ने पक्षमा खडा भएका युवाहरू र मेनरोड फराकिलो गर्नुहुन्न भन्ने पक्षमा खडा भएका मेनरोडवासीबीच केही महिना विरोध र समर्थनमा विभिन्न कार्यक्रमहरू आयोजना भएका थिए । युवाहरूले सडक फराकिलो गर्नुपर्छ भन्ने विषयलाई लिए र वीर**गञ्ज** विकास युवा संघर्ष समिति गठन गरी कोणसभा, सिटी जुलुस, हस्ताक्षर अभियान, डेलिगेसनलगायतका कार्यक्रमहरू गरेका थिए । यसको विरोधमा मेनरोडमा रहेका घरधनीहरूले वीर**गञ्ज** बचाऊ संघर्ष समिति गठन गरेर सोही अनुसारको



काउन्टर कार्यक्रम आयोजना गर्दै आएका थिए ।

पछिल्लो समयमा सर्वोच्च अदालतमा विचाराधिन रहेको यो मुद्दामा दुवै पक्ष शिथिल भएको छ । वीर**गञ्ज** विकास युवा संघर्ष समितिले हस्ताक्षर अभियानपछि अहिले कार्यक्रम अघोषितरूपमा स्थगित गरेको छ भने वीर**गञ्ज** बचाऊ संघर्ष समितिले पनि अघोषितरूपमा स्थगित गरेको छ ।

वीर**गञ्ज** विकास युवा संघर्ष समितिका अध्यक्ष अकलेश साहले सर्वपक्षीय युवा भेला गरेर पुनः वीर**गञ्ज**को मेनरोड फराकिलो गर्ने विषयमा सशक्त आन्दोलन गर्ने बताए । उनले राजनीतिक दल, तिनका नेताहरूबाट दोहोरो भूमिका निर्वाह भएको र कार्यकर्ताहरूलाई दबाब दिएको कारण युवाहरू वीर**गञ्ज**को मेनरोड फराकिलो गर्ने विषयमा संगठित हुन नसकेको बताए । उनले सबै राजनीतिक दलले सार्वजनिकरूपमा एकथरी कुरा गर्ने र भित्रीरूपमा मेनरोड फराकिलो गर्ने विषयमा सक्रिय नहुन दबाब दिई दोहोरो भूमिका निर्वाह गर्दै आएको आरोप लगाए । साहले आफूलाई पनि राजनीतिक दबाब बढिरहेको बताए ।

व्यापारिक मार्ग विस्तार योजना (वीर**गञ्ज**-पथलैया) पथलैयास्थित कार्यालयका प्रमुख अदालतको कारण वीर**गञ्ज**को मेनरोड फराकिलो गर्ने विषय गौण भएको बताएका छन् । उनले अदालतले अल्पकालिन अन्तरिम आदेश जारी गरेको र सो विषयमा दुवै पक्षबीच छलफल भएर अर्को निर्णय नभइसकेको कारण सडक विस्तारको काम वीर**गञ्ज**को सन्दर्भमा थाती रहेको जनाए । अदालतको आदेश सडक विभागको हकमा भएको खण्डमा तुरून्तै यससम्बन्धी कामलाई अगाडि बढाउने सो कार्यालयले जनाएको छ ।

अदालतमा मुद्दा विचाराधीन रहेको र अल्पकालिन आदेशको कारण व्यापारिक मार्ग विस्तार योजना (वीर**गञ्ज**-पथलैया)ले लगत खडा गर्ने, नापजाँच गर्ने जस्ता कार्यहरू सुरू गर्न सकेको छैन । सर्वोच्च अदालतले असोज ८ गते जारी गरेको अल्पकालिन अन्तरिम आदेशमाथि दुवै पक्षबीच कात्तिक ४ गते छलफल पेशी तोकिएको थियो । त्यतिबेलादेखि अहिलेसम्म चार महिनाको अवधिमा अल्पकालिन आदेशमाथि छलफल हुन सकेको छैन र सर्वोच्चले अर्को आदेश जारी गरेको अवस्था छैन । विभिन्न कारणले अहिलेसम्म यस विषयमा तारिख मात्रै बढ्दै आएको र अघिल्लो तारिख माघ २८ गते तोकिएको छ ।

**चिन्तन**

**शिक्षाको अन्तिम विन्दु ज्ञान हो, ज्ञानको अन्तिम विन्दु चरित्र हो, तिमीले कस्तो शिक्षा लिएका छौं भन्ने कुरा तिम्रो चरित्रमा आएको सुधारले मापन गर्दछ ।**

**–आचार्य चाणक्य**

## सम्पादकीय

# घिसिङको अर्थपूर्ण मौनता

**सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी ( नेकपा) को बहुप्रतिक्षित केन्द्रीय कमिटिको बैठक आइतबार सम्पन्न भएको छ । पार्टी एकीकरणपछि पहिलोपटक केन्द्रीय समितिको बैठक बस्नु आफैँमा ठूलो महत्त्व हो । बैठकमा के–के कुरा उठे ? भन्ने सन्दर्भमा मिडियाले धेरै महत्त्व दिए पनि बैठकमा भएका निर्णयका सन्दर्भमा भने मिडियामा खासै समाचार आएका छैनन् । एकता महाधिवेशन ०७७ साल चैतको अन्तिम साता गर्ने र अमेरिकी सहयोग एमसिसीबारे अध्ययन गर्न कार्यदल गठन गर्नेबाहेक अरू निर्णयलाई मिडियाले खासै महत्त्व दिएको देखिएन । तर, यी दुई निर्णयहरू आफैँमा अत्यन्त महत्त्वपूर्ण हुन् । यी निर्णयले मुलुकलाई दीर्घकालीन प्रभाव पार्छन् । एमसिसी ग्रहण गर्ने या नगर्ने ? विषयमा सत्तारुढ नेकपाभित्र निकै ठूलो विवाद छ । पार्टीका प्रभावशाली नेताहरू नै पक्ष र विपक्षमा बाँडिएका छन् । केन्द्रदेखि तृणमूलसम्मको पार्टी पंक्ति ध्रुविकृत भएको छ । यो अवस्थामा केन्द्रीय कमिटीको बैठकले ठोस निर्णय लिन नसक्नु स्वाभाविकै हो । प्रयाप्त अध्यायन गरेर मात्रै एमसिसी पारित गर्नुपर्ने मत केन्द्रीय कमिटी बैठकमा प्रकट भएपछि झलनाथ खनालको नेतृत्वमा आइतबार तीन सदस्यीय अध्ययन कार्यदल गठन गरिएको छ । कार्यदलमा भीम रावल र प्रदीप ज्ञावली सदस्य छन् । पार्टीका पूर्वअध्यक्ष खनाल प्रधानमन्त्री भएकै वेला एमसिसी सहयोग लिने प्रक्रिया अघि बढेको हो । तर, एमसिसी सम्झौताका केही प्रावधानलाई लिएर खनाल असन्तुष्ट छन् । तत्कालीन एमालेका पूर्वउपाध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री रावल एमसिसीको चर्को विरुद्धमा छन् । एमसिसी यथास्थितिमा पारित भए नेपाल बर्बाद हुने अडान रावलले लिँदै आएका छन् । यसैगरी ज्ञावली परराष्ट्र मन्त्री छन् । २५ वर्षको अन्तरालमा अमेरिका भ्रमण गर्ने पहिलो परराष्ट्रमन्त्री हुन् ज्ञावली । एमसिसी र इन्डोप्यासिफिक रणनीतिका सन्दर्भमा परराष्ट्रमन्त्री ज्ञवाली साक्षी हुन् । त्यसैले, नेकपाको यो अध्ययन कार्यदल निकै महत्त्वपूर्ण छ ।**

**एमसिसीसम्बन्धी अध्ययन कार्यदलको पहिलो बैठक सोमबार काठमाडौंमा सम्पन्न भएको छ । कार्यदलले १० दिनभित्र यससम्बन्धी पार्टीलाई प्रतिवेदन बुझाउने र त्यसपछि बल्ल प्रक्रिया अघि बढ्ने नेताहरुले बताएका छन् । एमसिसी प्रकरणलाई सामान्य रूपमा लिनु हुँदैन भन्ने नेकपाको निणर्य आफैँमा दूरदर्शी छ । यदि, सम्झौता खराब हो र पनि अघि बढाइयो भने त्यसले नेपालको राष्ट्रियतामा आँच आउने खतरा छ । यदि सम्झौता सही हो तर पारित गरिएन भने त्यसले अमेरिकासँग नेपालको सम्बन्ध बिग्रिने खतरा छ । यसले अमेरिकाबाट आउने नियमित सहयोग पनि प्रभावित बन्नेछन्, साथै अमेरिकी लवीका अन्य मुलुक तथा दातृ संस्थाबाट आउने सहयोग पनि प्रभावित हुनेछन् ।**

**एमएमसीको मुख्य परियोजना नेपालको विद्युत् विकाससँग सम्बन्धित छ । अमेरिकाले दिने ५० करोड डलर अनुदानको ठूलो हिस्सा खर्च हुने भनेको लप्सीफेदीबाट सुनवल (भारतीय सीमा)सम्म चार सय केभीको प्रसारणलाइनमा हो । प्रसारणलाइन विद्युत् विस्तारको लागि अत्यावश्यक पूर्वाधार हो । जबसम्म वर्षायामको बिजुली भारत निर्यात गर्न सक्ने अवस्था बन्दैन तबसम्म जलविद्युत् उत्पादनको क्षेत्रमा अब थप लगानी सम्भव छैन । यति वेला धेरैजसो जलविद्युत् कम्पनीहरुको सेयर प्रतिकित्ता १ सय रुपैंया भन्दा तल झरेको छ । जलविद्युत् कम्पनीहरुको सेयर सय रुपैयाँभन्दा तल झर्नु भनेको तहसनहसको अवस्था हो । नेपाल सरकार र एमससीबीचको सम्झौताको पूर्णपाठ अध्ययन गरेर विश्लेषण गर्ने क्षमता थोरै विज्ञहरूले मात्रै राख्छन् । यो विषयका सबै भन्दा धेरै जानकार तथा जनताको पनि विश्वास जितेका विज्ञ हुन्– ...नेपाल विद्युत् प्राधिरणका कार्यकारी निर्देशक कुलमान घिसिङ ।' तर, घिसिङसमेत मौन छन् । उनको मौनता अर्थपूर्ण छ ।**

# कृषिमन्त्री भुसालको सुगारटाइ



अञ्जु कार्की

गत मंसिर ४ गते मन्त्रिपरिषद् हेरफेर हुँदा कृषि तथा पशुपंक्षी विकास मन्त्रीका रूपमा घनश्याम भुसालको नाम आएपछि राजनीतिप्रति चासो राख्ने धेरै स्तब्ध भए । यसरी स्तब्ध हुनुको मुख्य कारण हो–' मन्त्री भुसालको राजनीतिक छवी ।' उनी समाजवादी चिन्तकका रूपमा चिनिन्छन् । तल्लो वर्गका निमुखा जनतालाई सेवा दिनु नै राज्यको ध्येय हो भन्ने सिद्धान्तलाई नेपाल कम्युनिस्ट पार्टीले व्यवहारमा उतारोस् भनेर भाषण गर्ने आर्टिकलहरू लेख्ने, सरकारलाई घच्घच्याउने काम नेता भुसालले गरिरहेका थिए ।

नेपाली कांग्रेस पार्टीमा लामो समयदेखि नेता प्रदीप गिरिले जुन भूमिका निर्वाह गर्दै आएका छन्, त्यही भूमिका तत्कालीन एमाले तथा अहिलेको नेकपामा नेता भुसालले गर्दै आएका थिए । ०५१ साल यता नेपाली कांग्रेसको नेतृत्व तथा सहभागितामा जतिपटक सरकार बने त्यति नै पटक नेता गिरिलाई उपप्रधानमन्त्री बन्न अफर गरिएको थियो, तर उनले आफैँ सत्तामा जानुभन्दा सत्तामा जानेहरूलाई मार्गदर्शन गर्ने बाटो तय गरे । नेकपाका नेता भुसाललाई पनि राजनीतिक विश्लेषकहरूले त्यसरी नै हेरेका थिए । तर, उनी मन्त्री बन्न लालयित भए । त्यसमा पनि कृषिमन्त्री । मुलुकमा ७० प्रतिशत जनता कृषिमा निर्भर छन् । त्यसैले कृषि मन्त्रालयको जिम्मेवारी सम्हाल्नु सानो चुनौती होइन ।

नेता भुसालले कृषि मन्त्रायलको जिम्मेवारी सम्हालेको एक सय दिन पुग्नै लागेको छ । अब यी यी उपलब्धिहरू गरेँ भनेर जनसमक्ष ल्याउने वेला आइसकेको छ । तर, अहिलेसम्म उनी गुमनाम छन् । यो अवधिमा प्याजको मूल्य आकासियो । प्याजको मूल्यले सगरमाथाको उचाइ नाघ्दा पनि उनी मौन रहे । लामो समयदेखिको भुक्तानी नपाएका उखु किसानहरूले राजधानीमै आएर माइतीघरबाट आफ्नो पीडा बताउँदा पनि कृषिमन्त्री भुसालले आफ्नो धारणा सार्वजनिक गरेनन् । गरिमा धानको नक्कली बिउबाट पीडीत कृषकहरूको पिडाबारे पनि उनले मुख खोलेनन् । आखिर उनी के गर्दै छन् ? भन्ने प्रश्न उठिसकेको छ ।

२०४८ सालमा समाजवादी नेतृ शैलजा आचार्यले कृषि मन्त्रालयको जिम्मेवारी पाएको तीन महिना पछि संसद्मा प्रश्नोत्तरको सामना गर्नुपर्‍यो । तीन महिनाको अवधीमा तपाइँले पञ्चायतकालका कृषि मन्त्रीहरूले भन्दा के–कति फरक परिणाम दिनुभयो ? भन्ने प्रश्न उनलाई सोधियो ।

यो प्रश्नको सिधा उत्तर दिन नसकेपछि उनले भनिन्–' कृषि मन्त्रालयमा भ्रष्टाचारको ठूलो जालो रहेछ, त्यो जालो तोड्न सकिरहेकी छैन ।' आफ्नो मन्त्रालयमा भ्रष्टाचार व्याप्त रहेको र नियन्त्रण गर्न आफूले नसकेको जवाफ संसद्मै दिएका कारण नैतिकताका आधारमा उनले राजीनामा गर्नुपर्ने भयो । त्यो अवस्था अहिले पनि कृषि मन्त्रालयमा छ । यसअघिका कृषिमन्त्री चक्रपाणी खनालले त्यो जालो तोड्ने प्रयास नगरेका होइनन्, तर प्रयास गरेकै कारण उनी मन्त्री पदबाट बर्खास्त भएका हुन् । प्रधानमन्त्री केपी शर्मा ओलीनिकटको एक समूह भारतीय डेरी अमूल भित्र्याउन लबिङ गरिरहेको थियो, तर मन्त्री खनालले त्यसको विरोध गरे मन्त्री खनालले स्वदेशी उद्योग प्रवर्द्धन गर्न भन्दै धुलो दूध आयात रोक लगाउने काम खुलेर गरे भने नेपालमै पुग्ने दूध उत्पादन नभइरहेको अवस्थामा दुग्ध क्षेत्रमा बहुराष्ट्रिय कम्पनी आएमा यो क्षेत्र तहसनहस हुन सक्छ भनेर रोक्नु तेस्रो ठूलो उपलब्धि हो ।

यस्तै, आयात हुने तरकारी र खसीबोकालाई चेकजाँच गरेर मात्र भित्र्याउने नियम लागू गर्नु तथा दूध, विषादी र खसीबोका आयातमा गरिएको विषयलाई सुरुमा विरोध गरिए पनि दीर्घकालमा नेपालका लागि हितमूलक काम थिए । हरेक पटक नियुक्त हुनेबित्तिकै कालीमाटी तरकारी बजारमा अनुगमनका लागि नयाँ मन्त्री पुग्ने गर्थे । यसभन्दा अघिल्ला मन्त्री चक्रपाणि खनालले त कालीमाटीमा रहेको सिन्डिकेट तोडेरै छाड्ने बताएका थिए तर वास्तविकता उल्टो भयो । कालीमाटीको सिन्डिकेट जस्ताको तस्तै छ । कृषिमन्त्री भने बर्खास्तीमा परे । भुसालले कालीमाटीमा अनुगमन गरेको समाचार आएको छैन । यदि उनले कालीमाटी अनुगमन गरिहाले भने त्यो पुराना मन्त्रीहरूको निरन्तरता मात्रै हुनेछ । अहिले पनि वार्षिक रुपमा झन्डै ४० अर्ब रुपैयाँ बराबरको खाद्यान्न आयात हुँदै आएको छ । देशमा करिब करिब ३०–३५ प्रतिशत खेतीयोग्य जमिन बाँझो छ । बेरोजगार युवाहरू मलेसिया, कोरिया र कतार जान उत्सुक छन् । अलि पढेलेखेकाहरू सहरकेन्द्रित भइसके । खेतीयोग्य जमिनमा डोजर लाएर बाटो खोल्ने घडेरी बनाउने दलाल पुँजीपति वर्गहरूको पनि हालीमुहाली नै छ । अनि जो सर्वहारा गरिब, किसान, खेत मजदुरहरू छन्, उनीहरूसमेत धान रोपेर दुई छाकको गर्जो टार्न नसक्ने अवस्थामा आएपछि पेसा परिवर्तन गरी अन्य ठाउँमा ज्याला मजदुरी गर्न बाध्य छन् । राजधानी काठमाडौंमा ब्रोइलर कुखुराको मासुको खुद्रा मुल्य प्रतिकेजी ४ सय ५० रुपैयाँ पुगेको छ । जबकि, डेढ महिनाअघि प्रतिकेजी दुई सय ५० रुपैयाँ थियो । मासुको मूल्य वृद्धिका लागि कुखुरापालक संघले पूर्वघोषणाका साथ ६० लाख चल्ला नष्ट गरेको थियो । करिब एक करोड अण्डा नष्ट गरेको थियो । अण्डा र चल्ला नष्ट गरिएपछि उत्पादन कम हुन्छ, यसपछि स्वतः मूल्य बढ्छ भन्ने विश्लेषण कुखुरा पालक संघका हर्ताकर्ताको रह्यो । अर्थशास्त्रको सिद्धान्तअनुसार पनि उत्पादन घटेपछि मूल्य बढ्छ । तर उत्पादन घट्दा किसानलाई घाटा हुन्छ, राज्यलाई पनि घाटा हुन्छ भन्ने हेक्का सरकारले राख्न सकेन । यति धेरै चल्ला तथा अण्डा नष्ट गरिँदा सरकार मुकदर्शक बन्यो । यसको परिणम उपभोक्ताले चर्को मूल्य तिर्ने परिस्थितिमा मात्रै सीमित रहँदैन । यसको फाइदा भारतीय किसानले उठाउँछन् । खुला बोर्डर छ, नेपालमा भाउ आकासिए पछि भारतबाट हुने चोरी पैठारीलाई रोक्ने ताकत सरकारसँग छैन । ब्रोइलर कुखुराको मूल्य आकासिएको त एउटा उदाहरण मात्रै हो । कृषिको हरेक क्षेत्रमा यस्तै बेथिति छ । उपभोक्ताले चर्को मूल्य तिर्नुपरेको हुन्छ । उत्पादनकर्ताले लागतसम्म उठाउन पाइरहेका हुँदैनन् । बिचौलिया मालामाल भइरहेका हुन्छन् । यस्ता दैनिक उपभोग्य कृषिजन्य वस्तुको बजारमा हस्तक्षेप गर्नै पर्छ । उत्पादन लागत बढेकै हो भने मूल्य बढ्नु स्वाभाविक हो । सो कुरा उपभोक्ताले थाहा पाउँदा मूल्य तिर्न तयारै हुन्छन् । बिचौलियाका कारण मूल्य बढेको हो भने त्यस्ता बिचौलियालाई कारबाहीको भागिदार बनाउनै पर्छ । नत्र सरकार भएको अनुभूति सर्वसाधारण नागरिकले कसरी गर्ने ।

> समाजवादलाई लक्ष्य बनाएर अघि बढेको नेकपाको करिब दुईतिहाइ बहुमतको सरकार यतिवेला मुलुकमा छ । मुलुकका सातवटा प्रदेशमध्ये ६ वटा प्रदेशमा समाजवादी पार्टी नेकपाको दुईतिहाइ बहुमत छ । मुलुकका करिब ७० प्रतिशत पालिकामा समाजवादी पार्टी नेकपाका सरकारहरू छन् । तर, केन्द्रदेखि तृणमूल कुनै पनि सरकारहरूका काम कारबाही समाजवाद उन्मुख छैनन् । कृषि मन्त्री भुसालले रट्ने गरेको समाजवादीको नारा सुगा रटाइमा सीमित भएको छ

संविधान जारी भएपछिको पहिलो आमनिर्वाचनमा एमाले र माओवादी गठबन्धले करिब दुईतिहाइ बहुमत ल्याएर चुनाव जित्यो । कागजमा मात्रै नभएर व्यवहारमै मुलुकलाई समाजवाद उन्मुख बनाउने मार्ग आमनिर्वाचनको परिणामले प्रशस्त गरिदियो भन्दै किसानहरू खुसी भए । संविधानमा मात्रै समाजवाद उन्मुख लेखिएको छैन, समाजवादलाई लक्ष्य बनाएर अघि बढेको नेकपाको करिब दुईतिहाइ बहुमतको सरकार यतिवेला मुलुकमा छ । मुलुकका सातवटा प्रदेशमध्ये ६ वटा प्रदेशमा समाजवादी पार्टी नेकपाको दुईतिहाइ बहुमत छ । मुलुकका करिब ७० प्रतिशत पालिकामा समाजवादी पार्टी नेकपाको सरकारहरू छन् । तर, केन्द्रदेखि तृणमूल कुनै पनि सरकारहरूका काम कारबाही समाजवाद उन्मुख छैनन् । कृषि मन्त्री भुसालले रट्ने गरेको समाजवादीको नारा सुगारटाइमा सीमित भएको छ ।

# हिन्दू धर्मका पाखण्डीहरू



डा. मिठाराम विश्वकर्मा

हिन्दू धर्म अन्तर्गत गर्न नहुने अर्थात् शास्त्रविपरीत धेरै कुकृत्य हामी गरिरहेका छौँ । जसमध्ये दुईवटा कुकृत्यले सधैँ घोचिरहेका छन् । पहिलो कुकृत्य हो–'भूमि दान् ।' धर्तीलाई हामीले आमा भन्छौँ । के आमालाई दान गर्ने अधिकार सन्तानलाई छ ? दोस्रो कुकृत्य हो–'तुला दान् ।' हामी धर्तीमा बसेर आफूलाई तौल गरेर दानको अभिमान गर्ने कस्ता पाखण्डी ? दान नै गर्नु छ भने कर्ण बन्न सक्नुपर्छ । दानी नै बन्नु छ भने भोका–नांगालाई गर्नुपर्छ ।

सबैभन्दा उत्तम दान मुठी दान हो, जसले भोक मेटाइदिन्छ । एउटा कुरा सम्झाइदिइहालौँ, अहिले त्यो चलन प्रथा हटिसकेकै जस्तो लाग्छ, पहिले पहिले मैले नै जान्दा खान पकाउदा जहानलाई अड्कलेर अन्न भाडामा हालिसकेपछि त्यहाँबाट एकमुठी अन्न निकालेर छुट्टाछुट्टै भाडामा राख्ने चलन थियो । यसका दुईवटा उदेश्य थिए । पहिलो कोही साधुसन्त आए दिने । दोस्रो यदि अनिकाल परिहाले अनिकाल टार्ने । यदि कसैलाई धेरै भूमि आफूसँग भएको गर्व छ भने वास नभएकालाई वास दिऊ । वैदिक कालमा ब्यक्तिगत सम्पत्ति राख्ने चलन थिएन । यो सिद्धान्त कुनचाहिँ साम्यवाद भन्दा कमजोर मान्न सकिन्छ ? साम्यवादका गुरू आजभन्दा दुईअडाई सय वर्ष अगाडिका मार्क्स नै हुन् त ? सबैभन्दा पुरानो वैदिक साम्यवाद हो । यसको पहिलो महापुरूष शिव हुन्, यो कुरा महान् विद्वान् राहुल सांस्किृतियानले पनि भनेका छन । ल अब अनुमान गरौँ साम्यवादको सुरुवात कहिले भएको रहेछ ? जतिवेला उत्पादनका सम्पूर्ण साधन र स्रोतहरू सामाजिक पहुँचभित्र थियो ।

यो भन्दा चकित नभए हुन्छ कि मानवको विकास क्रममा सायद सामुहिक सम्पत्तिको पहिलो उद्गम थलो हिजोको हिम्वतखण्ड आजको नेपाल हो र आज संसारका केही देशमध्ये सामूहिक सम्पत्तिको अधिकार नभएको देश नेपाल हो । अझै लाज छैन हामीलाई कि हामी "समाजवादी" हौँ भन्न । हिजोका दिनमा पाटिपौवा बनाइन्थ्यो । यसको मुख्य उद्धेश्य भनेको ओत नभएकालाई ओत दिनु थियो । राजा महाराज पनि तीर्थ गर्न निस्किँदा पाटीपौवामा बस्दै जान्थे । बाटामा पर्ने कुवाधारा सफा राखिन्थ्यो । हाम्रा थुप्रै सम्मानजनक सामाजिक मूल्य र मान्यताहरू छन् । तर, आज हामीले ती सामाजिक मूल्य र मान्यताहरूलाई बचाउन समिरहेका छैनौँ । बरू विकृतितिर जाँदै छौँ । धर्ती न हिजो कसैको थियो न आज कसैको छ न भोलि कसैको हुन्छ । धर्ती आमा भएको हुँदा आफ्नो सन्तानलाई केबल काखमा राख्नुपर्ने दायित्व हो भन्ने भन्दा धेरै नबुझौँ । यदि जमिन मेरो हो भनेर जौ, तिल, कुस, पानी अन्जुलिमा लिएर दान गर्छ भने दान दिनेलिने दुवै पातकि हुन् । महामहिम पण्डितजीजहरू हो ! शास्त्रविपरीत दान नलिऊँ । धर्मका नाममा हिजो जति बेइमानी गरियो, अब नगरौँ । स्वघोषित ब्राह्मण हुँ भन्नेले राम्रोसँग बुझ्ने प्रयत्न गरौँ । अझै बुझ्न बाँकी छ भने अबस्य असल ब्राह्मण छन्, उनीहरूसँगबाट बुझ्ने प्रयत्न गरौँ । ब्राह्मण असल कर्मले हुने हो असल कर्म गर्नेहरू छन् । तिनलाई ब्राह्मण भन्न नहिच्किाए हुन्छ । ब्राह्मण गायत्री मन्त्र जपेर टाउकामा पानी छर्केका भरमा हुन सकिन्न ।

सबैको भलो चहाने, मन र मुखमा दुई शब्द न राख्ने मात्रै ब्राह्मण बन्न सक्छ । मन र मुखमा दुई शब्द नराख्नुको अर्थ एउटा शब्द "सत्य" मात्र हुनसक्छ । वर्णलाई विरोधका लागि विरोधी भएर आलोचना गर्न पनि जरूरी छैन । किनभने बाहु 'क्षेत्री' र पाउ 'शुद्र' मानिन्छ भने बाहुले आची धुनैपर्छ र शत्रुलाई पाउले कुल्चिनुपर्छ, यसको भेद आफैँ छुट्याऊँ, विद्वान् महोदयहरू । यदि हिन्दू धर्म सनातन वैदिक दर्शन अनुसार छ भने दर्शनको मर्म बुझ्न जरुरी छ । अहिले पहिला आफूलाई ब्राह्मण तथा बाहुन भनी आएकाहरू अलि अत्तालिएको जस्तो देखिन्छ, अत्तालिनु पर्दैन । यतिबेला तथाकथित दलित भनिनेहरू बाहुनप्रति एग्रेसिभ देखिन्छन् । यो अस्वाभाविक पनि होइन किनभने हिजो सत्ता–शक्ति उनीहरूको हातमा थियो र उनीहरूबाटै उत्पीडित थिए । यसको अर्थ यो होइन कि सबै बाहुन खराब छन् । असल बाहुनको संख्या पनि कम छैन ।

> धर्ती न हिजो कसैको थियो न आज कसैको छ न भोलि कसैको हुन्छ । धर्ती आमा भएको हुँदा आफ्नो सन्तानलाई केबल काखमा राख्नुपर्ने दाहित्व हो भन्नेभन्दा धेरै नबुझौँ । यदि जमिन मेरो हो भनेर जौ, तिल, कुस, पानी अञ्जुलिमा लिएर दान गर्छ भने दान दिनेलिने दुवै पातकि हुन् । महामहिम पण्डितजीहरू हो ! शास्त्रविपरीत दान नलिऊँ । धर्मका नाममा हिजो जति बेइमानी गरियो, अब नगरौँ

शास्त्र सम्मत चल्ने प्रयत्न मात्रै गरे पुग्छ । सबै धर्ममा ईश्वरको सत्ता एउटै हो । कतिपय धर्ममा ईश्वरीय सत्ता पुरूषप्रधान छ तर वैदिक सनातन धर्म हिन्दूमा मातृप्रधानता पनि बराबर छ । सनातन वैदिक धर्ममा ब्रह्मा, विष्णु, महेश्वरलाई मात्रै पुरूषप्रधानता ईश्वरीय सत्ता दिदैन दुर्गा, लक्ष्मी, सरस्वतीको मातृप्रधानतालाई पनि समान ईश्वरीय सत्ता स्वीकार गरिन्छ । 'मातृ देवो भव, पितृ देवो भव' यति मात्र होइन "अथिति देवो भव" । यदि अरू कुनै धर्म 'अथिति' वा 'पाहुना' भएर आउँछ भने त्यसलाई पनि ईश्वर नै मान वैदिक दर्शनले भन्छ, घृणा कसैको पनि नगर्नु वैदिक दर्शनको मर्म हो । वैदिक दर्शनले कसैलाई सैतान वा टुपी नभएको भनेर विभेद गर्दैन । सबैलाई समान सम्मान दिन्छ, चाहे उ सर्वांग नांगै (अघोरी) हिँडोस् चाहे टाउकोदेखि पैतालासम्म गाउन लगाएर हिँडोस् ईश्वरीय सत्ता एउटै ठान्छ ।

हिन्दू धर्ममा जन्म र मृत्यु संस्कार आर्थिक रूपमा बोझिलो छ भन्ने आरोप छ र यसैको फाइदा उठाउँदै अन्य धर्मावलम्बीहरूले धर्म परिवर्तन गराउने गतिलो बहाना बनाएर धर्म परिवर्तन गराउँदै हिँडेका छन् । यसका लागि हिन्दूधर्मीले तल उल्लेखित कुराहरू गर्न जरुरी छ । र, गरौँ पनि ।

१. कुनै पनि हिन्दूको घरमा बच्चा पैदा हुँदा एउटा हिन्दूले यो धर्तीमा पहिलो पाइला टेकेको खुसियाली छरछिमेकिले मनाउने । र, गरिब परिवार रहेछ भने छिमेकीले सक्दो सहयोग गर्ने ।

२. कुनै पनि हिन्दूको घरमा मृत्यु शोक परेमा लास उठाउने वेलामा छिमेकी हिन्दूहरू अनिवार्य उसको आगनमा उपस्थित हुने र सामाजिक सदभाव तथा भाइचाराको सान्त्वना दिने । मृत्यु शोक परेको परिवारलाई छिमेकी हिन्दूहरूले दश दिनभित्र कम्तीमा सय रुपैयाँ र एकमाना चामल भेटी दिने । पुग्नेले अरू बढी सहयोग गर्न सकिन्छ ।

३. मृत्यु शोक परेको परिवारको घरमा शोक सन्तप्त परिवारलाई एक्लो महसुस हुन नदिन छिमेकी हिन्दूहरू पालोपालो कुरुवा बस्ने ।

५. वैदिक सनातन हिन्दू दर्शनलाई अवज्ञा गरी जातीय भेदभाव गर्नेलाई जन्म कैदको कानूनी व्यवस्था गर्ने ।

६. प्रत्येक गाउँमा हिन्दूहरूको साह्रोगाह्रो फुकाउन एक हिन्दूले आफ्नो एक कप चिया कटौती गरि महिनाको सय रुपैयाँ प्रत्येक महिनामा जम्मा गरि एक "हिन्दू उपकार कोष" बनाउने । यसरी सबै जातजातिका हिन्दूहरू मिलेर आफ्नो गाउँमा एउटा "हिन्दू परिवार" बनाउने ।

बैदिक संस्कार संस्कृतिमा जातिपातिको र वर्णको भेदभाव छैन, यो नबुझेकाले र बाठा धूर्त कर्मकाण्डी पण्डितले बनाएको हो भन्ने बुझ्दै हिन्दूको मूल दर्शन वैदिक दर्शानलाई सबैले राम्रो सँग अध्यान गरौँ, त्यो हाम्रो मूल वैदिक दर्शनमा मानव विभेद कहिकतै छैन यदि कसैले बेदमा मानव विभेदको प्रमाण मलाई देखायो भने उसले भनेको जुनसुकै धर्म मान्न म तयार छु । वैदिक सनातन धर्ममा प्रजातन्त्र र साम्यवादीको बाहुको पनि बाहु समतामूलक समाजको कल्पना गरिएको छ ।

सुशीला रेग्मी

# गुठी संरक्षणमा चासो



पाल्पा रामपुरको धार्मिक नगरी रामघाटको पुरानो लक्ष्मीनारायण गुठी समुदायमा हस्तान्तरण गरेपछि संरक्षणमा स्थानीयको चासो बढेको छ । पौराणिककालदेखि नै रेग्मी परिवारले मात्र सञ्चालन गर्दै आइरहेको गुठी समुदायमा हस्तान्तरण भएपछि स्याहार संरक्षण तथा विकासमा रामपुरका स्थानीय लागेका छन् ।

विसं १८७० तिर स्थानीय तुल्सीराम रेग्मीलाई राति सपनामा भगवान् रामले रामघाट क्षेत्रमा लक्ष्मीनारायण मन्दिर स्थापना गरेर दिनहुँ पूजाआजा गर्न भनेपछि विसं १८८९ मा मन्दिर स्थापना गरेको बताइन्छ । गुठीको नामबाट सञ्चालित यस मन्दिरमा रेग्मी परिवारको मातहतमा रहेर पूजाआजा भइरहेको थियो । विसं २०७५ साउन २६ गते रेग्मी परिवारले यस गुठीलाई सबैको साझा बनाउन समुदायमा हस्तान्तरण गरेको लक्ष्मीनारायण गुठी सञ्चालक समितिका अध्यक्ष बुद्धिप्रकाश रेग्मीले बताए ।

'रेग्मी परिवारबाट मात्र सञ्चालित हुँदा स्याहार संरक्षणको अभाव, भौतिक पूर्वाधारमा

**लक्ष्मीनारायण मन्दिर सञ्चालनका लागि रामपुर नगरपालिकाको ४ र ५ वडा कार्यालयमा दर्ता भएको करिब एक हजार रोपनी र दर्ता नभएको एक हजार एक सय रोपनी जग्गा छ । जग्गा मोहीले बुझाउनुपर्ने कुत नबुझाउँदा भने मन्दिर सञ्चालनमा समस्या परेको स्थानीयले बताए । गुठीको नाममा रहेको जग्गा भोगचलन गर्ने मोहीबाट वर्षमा ७० मुरी धान मन्दिरमा बुझाउनुपर्नेछ**

कसैले चासो नदिनु र गुठीलाई सबैका साझा बनाएर पर्यटकीय तथा धार्मिक क्षेत्रका रूपमा विकास गर्न समुदायमा हस्तान्तरण गरेका छौं,' उनले भने । गुठी समुदायमा हस्तान्तरण भएपछि रामपुरवासीले यहाँको पर्यटन तथा धार्मिक विकासमा धेरै चासो र सहयोग गर्न थालेको उनले बताए । लक्ष्मीनारायण मन्दिर सञ्चालनका लागि रामपुर नगरपालिकाको ४ र ५ वडा कार्यालयमा दर्ता भएको करिब एक हजार रोपनी र दर्ता नभएको एक हजार एक सय रोपनी जग्गा छ । जग्गा मोहीले बुझाउनुपर्ने कुत नबुझाउँदा भने मन्दिर सञ्चालनमा समस्या परेको स्थानीयले बताए । गुठीको नाममा रहेको जग्गा भोगचलन गर्ने मोहीबाट वर्षमा ७० मुरी धान मन्दिरमा बुझाउनुपर्नेछ ।

केही मोहीले समयमा नै जग्गाको कुत नबुझाउँदा मन्दिरको पूजापाठमा समस्या परेको मोही प्रतिनिधि कीर्तिनाथ श्रेष्ठ बताउँछन् । 'मोहीले भगवान्को नाममा रहेको जग्गाबाट जीविका चलाउने तर थोरै आयस्था भगवान्को नाममा केहीले छुट्याएर नदिँदा मन्दिरमा पूजापाठ चलाउन समस्या भएको छ,' उनले भने । मोहीले तोकेको समयमा गुठीलाई बुझाउनुपर्ने आयस्था नबुझाउँदा वेला वेलामा विवाद बल्झिँदै आएको छ । गुठीको नाममा रामपुर नगरपालिका-४ खोप्टारमा करिब १० रोपनी जग्गा पर्खालले घेरिएको र हाल जीर्ण अवस्थामा रहेको एउटा धर्मशाला पार्टी भवन पनि छ ।

कालीगण्डकी बैँसीको पवित्र तीर्थस्थलका रूपमा रहेको रामघाटको ऐतिहासिकतालाई जोगाउन पुरानै शैलीमा लक्ष्मीनारायण मन्दिर निर्माण गरिएको छ । भूकम्पले क्षति पुगेको मन्दिरलाई पुनः निर्माण गरी पुरानै आकार दिइएको छ । पुरातात्विक विभागबाट आर्थिक वर्ष ०७५/७६ मा १५ लाख र आव ०७६/७७ मा २८ लाख गरी ४२ लाख रुपैयाँको लागतमा मन्दिर निर्माण गरिएको समितिका सचिव मीनराज रेग्मीले बताए ।

रामपुरको चिनारीका रूपमा रहेको पुरानो जीर्ण मन्दिरलाई पुरानै कलात्मक शैलीमा निर्माण गरिएको छ । यहाँ रामनवमी, कृष्णाजन्माष्टमी, अक्षयतृतीया पर्व र नयाँ वर्षका दिन विशेष मेला लाग्ने गर्छ । विसं ०७४ देखि दशवर्षे गुरुयोजना तयार पारेर २७ बुँदामा भौतिक पूर्वाधार निर्माणका काम धमाधम भइरहेको छ ।

द्वार, धार्मिक बस्ती, सानो गौशाला, सुन्दर प्रतीक्षालय, त्रिदेव मन्दिर, विवाहमण्डप, योगगृह, ज्येष्ठ नागरिक स्याहार केन्द्र, सभाहल, अतिथिगृह, किरियाघर, पानी ट्यांकी, वनभोजस्थल, गुरूकुल शिक्षाको सुरूआत, शौचालय र भान्साघर निर्माण गर्ने गुरूयोजनामा समेटेर काम गरिएको छ ।

पुरानो लक्ष्मी नारायणको मन्दिर, मन्दिर प्रवेशद्वार, पुरानो पौवा, पानीको फोहरासहित शालिकराम स्तम्भ, पानीको ट्यांकी, दुई कोठे आरसिसी धर्माश्रम, १०८ पिपलका बगैंचा, फलफूलका बगैंचा, नदीको किनारमा रहेको प्रतीक्षालय, मन्दिर परिसरभित्रको पुजारी बस्ने र साँधुसन्त बस्ने दुई घर, मन्दिर परिसरको पर्खाल र चौतारी निर्माण गरी संरक्षण गर्न थालिएको छ ।

एक/एकवटा पुजारी र महन्त निवास, शालिकराम स्तम्भ निर्माण, शौचालय, धर्मआश्रम, पानी ट्यांकी निर्माणको काम सम्पन्न भइसकेको छ । पौराणिक किंवदन्तीअनुसार त्रेतायुगमा भगवान् राम वनवास जाँदा कालीगण्डकीको यस रामघाट क्षेत्रमा आएर बसोवास गरेको र उनले दैनिक यही घाटमा स्नान गरेको हुँदा यस घाटको नाम रामघाट हुन गएको जानकारहरू बताउँछन् ।

कालीगण्डकीमा स्नान गरी नदीको पवित्र जल लक्ष्मीनारायण मन्दिरमा चढाएर रामपुर नगरपालिका ३ र ४ मा पर्ने सीताकुण्डमा पुगेर जल मिसाएर पूजाआजा गरी पुनः लक्ष्मीनारायण मन्दिरमा नै आएर पूजा गर्ने चलन रहेको छ । यसो गरेमा पुण्य प्राप्ति हुने विश्वास रहेको छ । रामघाट पौराणिककालदेखि नै तीर्थस्थलको रूपमा चिनिँदै आएको पवित्र धार्मिक तीर्थस्थल हो । भगवान् रामचन्द्रले त्रेता युगमा वनवासको क्रममा रामघाटमा स्नान गरेको, ऋषिमुनि बोलाई यज्ञ गरेको नजिकै रहेको रामगुफामा बसोवास गरेको तथ्य पाइन्छ ।

द्वापर युगमा पाण्डव पनि यही ठाउँमा स्नान गरेको र शुक्ला गण्डकीको पानी कृष्णगण्डकीको रामघाटमा ल्याउन तनहुँको भिमादमा बाँध बाँधेको र शिवजीको बाणको सहयोगबाट जल आउने गरेको तथ्य गंगामहात्म्ये, बराहपुराण र शिव पुराणमा उल्लेख गरिएको छ ।


पुराणकै तथ्यअनुसार रामघाटमा सदा ३३ कोटी भगवानले वास बस्ने पवित्रस्थल भनी उल्लेख गरेको पाइन्छ । त्यसैले, रामघाट क्षेत्र पूर्वी पाल्पाकै सबैभन्दा पुरानो पौराणिक कथामा उल्लेख भएको भगवान्को पनि तीर्थस्थल भएको मानिन्छ । सर्वसाधारण पहिले पहिले पैदल हिँडेर एक दुई दिनको समय खर्चिएर वासै बस्ने गरी दर्शन गर्न आउने गरेको बूढापाका बताउँछन् ।

रामपुर नगरपालिकाले रामघाट क्षेत्रलाई उत्कृष्ट पर्यटकीय क्षेत्रका रूपमा समावेश गरेको छ । कालीगण्डकी तट, कालीगण्डकीको करिडोर नजिकै रहेकाले पनि यो क्षेत्रमा अवलोकन गर्न जानेको अहिले चहलपहल बढ्दै छ । मन्दिरसम्म पुग्ने सडक सुविधा भएपछि यहाँ घुम्न जानेको संख्या पनि बढेका छन् । विशेषगरी शनिबार र सार्वजनिक बिदाका दिन रामघाट परिसर घुम्न पुगेका आन्तरिक पर्यटक कालीगण्डकी, रामघाटको रमाइलो दृश्यसँग लोभिने गर्छन् । त्यहाँका सुन्दरताले जो कोहीलाई मोहित पार्ने भ्रमणमा गएकाहरू बताउँछन् ।

सिबी अधिकारी

# वैकल्पिक पर्यटन बजारको खोजी



सरकारले चीनमा देखिएको कोरोना भाइरसले नेपालको पर्यटन क्षेत्रमा पार्नसक्ने प्रभावलाई मध्यनजर गरी वैकल्पिक पर्यटन बजारको खोजी गर्ने भएको छ । प्रमुख पर्यटकीय स्रोत बजारका रूपमा रहेको चीनमा फैलिएको कोरोना भाइरसले नेपालको पर्यटन क्षेत्रमा प्रभाव पार्ने सम्भावित जोखिम नियन्त्रण र वैकल्पिक पर्यटन बजारको खोजी गर्न लागिएको हो ।

कोरोनाको प्रभावका कारण चीनबाट नेपाल आउने पर्यटकको कमीलाई पूर्ति गर्न अन्य गन्तव्य बजारको खोजी गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले एउटा समिति गठन गरी काम अघि बढाएको छ । उक्त प्रयोजनका निम्ति मन्त्रालयका सहसचिव घनश्याम उपाध्याय, पर्यटन विभागका महानिर्देशक डण्डुराज घिमिरे र नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा. धनञ्जय रेग्मीको एक समिति बनाइएको छ । समितिलाई तीन दिनभित्र संक्रमण व्यवस्थापनका लागि वैकल्पिक बजारका लागि प्रस्तावसहितको प्रतिवेदन मन्त्रालयसमक्ष पेस गर्न निर्देशन दिइएको छ । चीनबाट हुनसक्ने पर्यटकको कमीलाई पूर्ति गर्न अन्य वैकल्पिक गन्तव्य बजारको खोजी भइरहेको पर्यटनमन्त्री योगेशकुमार भट्टराईले जानकारी दिएका छन् । कोरोना भाइसरको प्रकोपले नेपालको पर्यटन क्षेत्रमा पर्न सक्ने सम्भावित जोखिम न्यूनीकरणका विषयमा सरोकारवालासँगको छलफलमा उनले वैकल्पिक बजारका रूपमा खाडी मुलुकलगायतका गन्तव्यमा पर्यटन प्रवर्द्धनको काम तत्काल अघि बढाउन आग्रह गरेका हुन् ।

चिनियाँ पर्यटक कम आउने तथा होटल, एयरलाइन्सले पनि आफ्ना सेवामा कटौती गर्न थालेका सन्दर्भमा वैकल्पिक बजार खोज्नु नेपालका लागि अपरिहार्य भइसकेको छ । सन् २०२० लाई सरकारले नेपाल भ्रमण वर्ष अभियानको रूपमा मनाएर २० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य लिएको छ । भ्रमण वर्षको औपचारिक शुभारम्भ गरी प्रवर्द्धनात्मक

पर्यटक भित्र्याउने सरकारको लक्ष्य थियो । तर, यो लक्ष्यलाई अहिले चीनमा देखापरेको कोरोना भाइरसको प्रकोपले प्रत्यक्ष असर पुग्ने देखिएको छ ।

चीनमा फैलँदै गएको कोरोना भाइरसको प्रत्यक्ष प्रभाव नेपालको पर्यटन क्षेत्रमा पर्न जाने सम्भावना औंल्याउँदै सरोकारवालाले पनि वैकल्पिक बजारको खोजी गर्न आग्रह गर्दै आएका छन् । नेपालको प्रमुख पर्यटकीय स्रोत बजार चीनबाट वार्षिकरूपमा दुई लाखभन्दा बढी पर्यटक नेपाल आउने गरेका छन् । पछिल्ला चार वर्षको आँकडा हेर्दा चिनियाँ पर्यटकको संख्यामा निरन्तर बढोत्तरी भइरहेको छ । पर्यटन बोर्डका अनुसार चीनबाट सन् २०१६ मा एक लाख चार हजार पाँच, सन् २०१७ मा एक लाख छ हजार र सन् २०१८ मा एक लाख ५३ हजार ६ सय ३३ चिनियाँ पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

अध्यागमन विभागको प्रारम्भिक तथ्यांकअनुसार सन् २०१९ मा झण्डै १२ लाख पर्यटक नेपाल आएका छन् । एघार लाख ९७ हजार १ सय ९१ पर्यटक आएका छन् । यो संख्यामध्ये चीनबाट सर्वाधिक बढी एक लाख ६९ हजार पर्यटक नेपाल भित्रिएका छन् । सन् २०१८ मा १२ लाख हाराहारी विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

मन्त्री भट्टराईले भ्रमण वर्ष मनाइरहेका बेला चीनबाट हुनसक्ने पर्यटकको कमीलाई अन्य गन्तव्यबाट पूर्ति गर्ने गरी बजार पहिचान र प्रवर्द्धनका कामलाई प्रभावकारी रूपमा अघि बढाइने बताए । उनले भ्रमण वर्षको अवधिमा चीनबाट बढीभन्दा बढी पर्यटक भित्र्याउन चीनले माथिल्लो निकायदेखि तल्लोतहसम्म चासो दिएको जानकारी समेत गराए । 'नेपाल अहिले पनि पर्यटनका हिसाबले सुरक्षित छ, सरकार सजग र संवेदनशील भएर लागेको छ,' उनले भने ।

पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले चीनबाट हुने पर्यटकीय क्षतिलाई पूर्ति गर्न अन्य पर्यटकीय गन्तव्य बजारको खोजी र

घिमिरेले चीनसँग सीमा जोडिएका नाकामा स्वास्थ्य कक्ष खडा गरी निरन्तर अनुगमन भइरहेको जानकारी दिए । अध्यागमन विभागका महानिर्देशक ईश्वरराज पौडेलले अध्यागमनमा कुनै समस्या नरहेको तर कोरोनाको अनावश्यक प्रचार भइरहेको गुनासो गरेका थिए ।

त्रिभुवन अन्तरर्राष्ट्रिय विमानस्थलका महाप्रन्धक देवेन्द्र केसीले कोरोनाको सम्भावित जोखिम न्यूनीकरणका लागि विमानस्थलले विशेष सतर्कता अपनाएको बताए । नेपाल एयरलाइन्सका सर्भिस निर्देशक जनकराज कालाखेती निगमका गन्तव्यमा कोरोना भाइरसको प्रकोप नरहेको र सम्भावित जोखिम नियन्त्रणका लागि आन्तरिक प्रयास गरिएको उल्लेख गरेका थिए ।

हिमालय एयरलाइन्सका उपाध्यक्ष किसिमका संयन्त्र परिचालन गरेको उल्लेख गरे ।

गरिएको जानका दिए । होटल एसोसिएसन अफ नेपाल (हान) का प्रथम उपाध्यक्ष विनायक शाहले होटल क्षेत्रमा अहिलेसम्म प्रभाव नपरेको र सदस्य होटललाई सतर्कता अपनाउन आग्रह गरिएको बताए । ट्रेकिङ एजेन्सीज एशोसिएशन अफ नेपाल (टान) का अध्यक्ष खोमबहादुर सुवेदीले सरकारी निकायबाट कोरोनाको प्रकोप नरहेको सन्देशसहितको विज्ञप्ति जारी गरिनुपर्नेमा जोड दिएका थिए ।

कोरोना भाइसरको प्रकोपबाट चीनमा रहेका नेपालीहरू सुरक्षित रहेको पर्यटन मन्त्रालयले जनाएको छ । नेपालस्थिति चिनियाँ दूतावास र चीनस्थित नेपाली दूतावासको समन्वयमा जानकारी लिइरहेको र हालसम्म कुनै समस्या नरहेको पर्यटन मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले बताएका छन् ।

पर्यटनमन्त्री भट्टराईले चीनमा भएका सबै नेपाली विद्यार्थीमा कुनै समस्या नरहेको तर अन्य मुलुकले आफ्ना नागरिक स्वदेश फर्काइरहेका सन्दर्भमा आवश्यक परेको खण्डमा नेपाल एयरलाइन्स र हिमालय एयरलाइन्सका जहाजबाट उनीहरूलाई स्वदेश ल्याउने गरी योजना बनाइएको जानकारी दिए । यद्यपि यस सम्बन्धमा परराष्ट्र मन्त्रालयले चीन सरकारसँग समन्वय गरिरहेको जनाइएको छ ।स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता सागर दाहालले नेपालमा कोरोना भाइरसको प्रकोप फेला नपरेको र केही शंकास्पद व्यक्तिमा गरिएको परीक्षणबाट समेत नपाइएकाले हल्लाभन्दा पनि सतर्कता अपनाउनेतिर ध्यान केन्द्रित भएको स्वास्थ्यकक्ष खडा गरी निगरानी बढाइएको समेत जानकारी दिए ।

नेपाली राजदूतावास बेइजिङ, हुबेई/उहानसहित चीनमा रहनुहुने सबै नेपालीसँग नियमित सम्पर्कमा छ । संक्रमणसम्बन्धी आधिकारिक जानकारी एवं सल्लाह, सुझाव तथा सहयोगका लागि दूतावासले स्थापना गरेका हटलाइन, बेइजिङ, ग्वान्जाओ, ल्हासा, हङकङ र सांघाईमा सम्पर्क गर्न अनुरोध गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

संक्रमणका कारण उत्पन्न असाधारण अवस्थामा चीन सरकारले चालेका कदमलाई मनन् गरी यो अवस्थाबाट नआत्तिन, अफवाह वा हल्लाबाट जोगिन एवं संक्रमण नियन्त्रण र सुरक्षाका लागि चालिएका प्रयासमा हरसम्भव सहयोग गर्न चीनमा रहेका सम्पूर्ण नेपालीलाई

# ‘नीरफूल’ को फस्टलुक




■ सौर्य समाचार

काठमाडौं । आगामी ३० फागुनमा देशव्यापी प्रदर्शनमा आउने तयारीमा रहेको चलचित्र ‘ नीरफूल’ को फस्टलुक सार्वजनिक भएको छ । सञ्चारकर्मी फूलमान बलले निर्देशन गरेको यो चलचित्र भूकम्पका कारण बिछोडिएका एक परिवारको प्रेमकथा आधारित छ ।

गणेश हिमाल क्षेत्रमा पर्ने रुबी भ्याली र काठमाडौंमा छायांकन गरिएको यस चलचित्रमा अभिनेता दयाहाङ राई, अभिनेत्री रेखा थापा, सरिता गिरी, शान्ति वाइबा, राजन खतिवडा, बुद्धि तामाङ, सरोज अर्याल, पुष्कर गुरुङ, मानस राज, जिम्मे छ्योकी घिसिङ लगायतका कलाकारको अभिनय छ ।

चलचित्र निर्माण पक्षले चारवटा पोस्टर सार्वजनिक गरेको छ । पोस्टरमा रुबी भ्याली र काठमाडौंको लोकेसन देखाइएको छ । रुवी भ्याली समेटिएको पोस्टरमा परिवार र प्रेमको विषयलाई देखाइएको छ । त्यस्तै, भूकम्पपछिको काठमाडौं समेटिएको पोस्टरमा चरित्रहरूको संघर्ष र बिछोडलाई प्रस्तुत गरिएको छ । चलचित्रमा अभिनेत्री रेखा थापालाई विशेष भूमिकामा प्रस्तुत गरिएको निर्माण पक्षले जनाएको छ । निर्देशक बलले चलचित्रमार्फत धादिङको रुबी भ्यालीको एउटा परिवारमार्फत भूकम्पको बेलाको मानवीय संघर्ष र आम मनोविज्ञानलाई देखाउन खोजिएको बताए । उनले भने, ‘अहिलेसम्म बाहिर आउन नसकेको रुबी भ्याली क्षेत्रको भूगोल र संस्कृतिलाई समेत फिल्ममा समेटिएको छ ।’

सचिन घिमिरे र निर्देशक बलकै पटकथा रहेको यस चलचित्रमा सचिन एसोसिएट निर्देशक रहेका छन् । प्रमोद कार्कीको छायांकन, अर्जुन पोखरेल र चन्द्रकुमार दोङको संगीत रहेको यस चलचित्रको सम्पादन निमेष श्रेष्ठ र वितरक गोविन्द शाही र मनोज राठी रहेका छन् ।

# थाइल्यान्डमा नेपाली कला

■ सौर्य समाचार



काठमाडौं । नेपाली कलाकारको टोली चारदिने अन्तर्राष्ट्रिय कला प्रदर्शनीमा सहभागी भई नेपाल फर्किएको छ । थाइल्यान्डको राजधानी बैंककस्थित रिचमन्दामन कन्टेम्पोररी आर्ट ग्यालरीमा आयोजित प्रदर्शनीमा नेपालका साथै भारत, थाइल्यान्ड र बंगलादेशका ६६ जना कलाकारका १२० भन्दा बढी चित्र तथा मूर्ति प्रदर्शनीमा राखिएको थियो ।

‘रिभाइभड इमोसन’ प्रदर्शनीमा नेपाली कलाकारले नेपालको संस्कृति, पर्यटन तथा प्राकृतिक सौन्दर्यका साथै समसामयिक कला प्रदर्शनीमा राखेको प्रदर्शनीमा सहभागी कलाकार एवं नेपाल ललितकला पत्रकार समाजका अध्यक्ष केशव राज खनालले बताए । उनले भने, ‘विदेशमा नेपाली वैभवलाई कलामार्फत देखाउने नेपाली कलाकार सफल रहे । यो प्रदर्शनीले नेपाली कलाको महत्व र स्तर विश्वमै निकै सबल र प्रभावशाली रहेछ भन्ने अनुभूत समेत गरायो ।’

कलाकार खनालले नेपालीपनका कलामार्फत कलाकारले नेपाल भ्रमण वर्ष २०२० लाई प्रचार प्रसार गर्ने राम्रो प्लेटफर्मका रूपमा प्रदर्शनीलाई लिएको बताए । नेपालका हिमाल, वास्तुकला, दरबार र धर्म संस्कृतिसँग जोडिएका विविध विषयलाई कलाकारले चित्र र मूर्तिमा उतारेका कला प्रदर्शनीको आकर्षण बनेको खनालले जानकारी दिए ।

प्रदर्शनीमा सहभागी अर्का कलाकार कृष्णगोपाल श्रेष्ठले आफ्नै परिवेशलाई चित्रण गर्दै नेपाली कला शैलीलाई देश विदेशमा चिनाउने कलाकारको उद्देश्य प्रदर्शनीमार्फत पूरा भएको जिकिर गरे । उनले भने, ‘भ्रमण वर्षमा अन्य देशका कलाकारलाई पनि निम्तो लिने काम नेपाली कलाकारका टोलीले गरे । नेपाललाई कलामार्फत चिनाउने राम्रो अवसरका रूपमा प्रदर्शनीलाई हामीले लिएका छौं ।’

सुन्हरी क्षवि फाउन्डेसन भारत र रिवेल आर्ट स्पेस थाइल्यान्डको आयोजना र संयोजनमा भएको प्रदर्शनीले नेपाली कलालाई विदेशी कलापारखीले समेत राम्ररी अवलोकन गर्न पाएको सहभागी मूर्तिकार चन्द्रश्याम डंगोलले बताए । थाइल्यान्डमा वर्षेनी लाखौंको संख्यामा पर्यटक भित्रिने गर्छन् । प्रदर्शनीमा राखिएको आफ्नो कला देखेर केही विदेशी पर्यटकसमेत आकर्षित भएको मूर्तिकार डंगोलले सुनाए । उनले भने, ‘प्रदर्शनी अवलोकन गर्न आएका युरोपेली कलाकारले समेत नेपाली कलालाई निकै मन पराए ।

नेपाली कला शैलीको आफ्नै विशिष्ट शैली र पन छ । यसको मौलिकताबाट उनीहरू निकै प्रभावित भए ।’ नेपालबाट खनाल, श्रेष्ठ र डंगोलका साथै पासाङविक्रम लामा (मंगोलपुत्र), रोशन प्रधान, प्रधुम्न श्रेष्ठ र रुद्रबहादुर पुन सहभागी थिए । यसैगरी दीपमाला महर्जन, नम्रता सिंह, विलेश शाक्य, पुष्पाञ्जली शेरचन, संजित महर्जन र सरिता डंगोलको कलाले पनि नेपालबाट प्रतिनिधित्व गरेको थियो ।

# बन्ने भयो डेरावालको कथा

■ सौर्य समाचार

काठमाडौं । भाडामा कोठा लिएर बस्नेको कथामा केन्द्रित रहेर चलचित्र बन्ने भएको छ । ३५ वर्षअघि प्रदीप रिमालको निर्देशनमा बनेको चलचित्र ‘के घर के डेरा’ को नाममा निर्देशक सुब्रतराज आचार्यले अहिले पुनः चलचित्र बनाउने भएका छन् ।

राजधानीमा सोमबार एक कार्यक्रमका बीच निर्माण टिमले चलचित्र निर्माण गर्न लागेको सार्वजनिक गऱ्यो । चलचत्रिमा अभिनेताद्वय दयाहाङ राई र विपिन कार्की ‘टिमअप’ रहने छन् । यसअघि उनीहरूले चलचित्र ‘जात्रैजात्रा’ मा पनि सँगै काम गरेका थिए । त्यस्तै ‘जात्रैजात्रा’ उनीहरूसँग अभिनय साझेदारी गरेकी अभिनेत्री वर्षा राउतसमेत यस चलचित्रमा मुख्य भूमिकामा देखिने जनाइएको छ । चलचित्रमा लुनिभा तुलाधर, रविन्द्र झा, आर्सिना भट्टराईलगायत कलाकारको समेत अभिनय रहने निर्माण पक्षले जनाएको छ ।

सफल केसी र प्रतीक गुरुङको पटकथा रहेको यो चलचित्रको कन्सेप्ट निर्माता सिंगे लामा हुन् । सिंगेले यसअघि चलचित्र ‘जात्रा’, ‘जात्रैजात्रा’ र ‘हरि’ निर्माण गरिसकेका छन् । चलचित्रमा दीर्घवीर गुरुङ छायांकन, मित्र डि. गुरुङको सम्पादन र शंकर थापा ‘स्माइल’ को संगीत तथा गायन रहनेछ । त्यस्तै, डिपी खनाल तथा निर्देशक आचार्यको गीत, उदयराज पौडेलको एरेञ्ज र गम्भीर विष्टको कोरियोग्राफी रहने निर्माण पक्षले जनाएको छ । निर्देशक आचार्यले यसअघि ‘अर्धकट्टी’ र ‘सुश्री सम्पत्ति’ निर्देशन गरिसकेका छन् ।

# ‘चार आनाको मसला’ मा स्वस्तिमा र सुपुष्पा

■ सौर्य समाचार



काठमाडौं । निकेश खड्काले निर्देशन गरेको चलचित्र ‘ चपली हाइट-३’ को पहिलो गीत सार्वजनिक भएको छ । राजधानीमा सोमबार एक कार्यक्रमका बीच उक्त चलचित्रको ‘चार आनाको मसला’ बोलको गीत सार्वजनिक गरिएको हो ।

गायक राम खम्बु र गायिका अस्मिता अधिकारीको आवाज रहेको यस गीतमा डिपी खनालको शब्द तथा सुभाष भुषालले भरेका छन् ।

प्रदीप लामाको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा चलचित्रका मुख्य कलाकार अभिनेत्री स्वस्तिमा खड्का, सुपुष्पा भट्ट, महेश त्रिपाठी र आमिर गौतमलाई फिचर्ड गरिएको छ ।

डान्सिङ बिटको गीतमा अभिनेत्रीद्वय स्वस्तिमा र सुपुष्पालाई बोल्ड अवतारमा प्रस्तुत गरिएको छ । अर्जुन कुमार फिल्मस्को ब्यानरमा निर्माण भएको यस चलचित्रको पहिलो र दोस्रो शृंखला दीपेन्द्र के. खनालले निर्देशन गरेका थिए ।

# अभिनयमा सक्रिय शीतल

■ सौर्य समाचार



काठमाडौं । नेपाली चलचित्र क्षेत्रले व्यावसायिकरूपमा आकार ग्रहण गर्न थालेको धेरै समय भएको छैन । केही वर्षअघिसम्म वर्षमा मुस्किलले एक दर्जन चलचित्र निर्माण हुन्थे । आजकल यो संख्या बढेर गएको छ । वर्षमै दर्जनौं चलचित्र बन्नेक्रम बढ्दै गइरहेको छ । पछिल्लो समय नेपाली चलचित्र क्षेत्रमाथि व्यावसायिक तथा पेसागत बहस पनि हुन थालेका छन् ।

सिनेमा उद्योगमा हजारौंको रोजीरोटी जोडिएको छ । चलचित्रको बढ्दो निर्माणसँगै यसले प्रविधिको क्षेत्रमा समेत फड्को मारिरहेको छ । विभिन्न चरण पार गरेर आधुनिक प्रविधिको युगमा प्रवेश गरेको यस क्षेत्रप्रति व्यावसायिक आकर्षण निकै घतलाग्दो छ । साथै नेपाली चलचित्रले अर्थतन्त्रमा समेत सकारात्मक योगदान दिइरहेको छ । यसक्षेत्रमा ठूलो समूहले कर्मथलो बनाएर प्रवर्द्धनको कामसमेत गरिरहेको छ ।

त्यससँगै कलाकारको भूमिकासमेत विशेष रहिआएको छ । हुनत कतिपय कलाकार केही समय काम गरेर यसक्षेत्रबाट ओझेल परेको पाइन्छ । तर विगत दुई दशकदेखि निरन्तर यसक्षेत्रमा सक्रिय छन् अभिनेता शीतल केसी । यसबीचमा उनले दुई दर्जनभन्दा बढी चलचित्रमा काम गरिसकेका छन् । नृत्य तथा अभिनयमा कुशल केसीले आफूलाई निरन्तर यसैक्षेत्रमा सबल बनाउँदै लगेको बताए । उनले भने, ‘मैले जहिले पनि कामप्रति लगाब देखाएँ । आफ्नो प्यासन भनौं चलचित्र क्षेत्रमै दुई दशकदेखि काम गर्दै आइरहेको छु । यसले मलाई यस क्षेत्रप्रति अझ मोह र लगाब बढाइरहेको छ ।’

यतिवेला अभिनेता केसी अभिनीत चलचित्र ‘सम्हाली राख है’ उपत्यकापछि मोफसलमा प्रदर्शन भइरहेको छ । उनले यस चलचित्रले समाज र प्रेमको विषयलाई केन्द्रमा राखेको बताए । त्यस्तै, उनी अभिनीत अर्को चलचित्र ‘वीरबहादुर दंग पर्छ’ प्रदर्शनको क्रममा छ ।

अर्घाखाँची कलाकार समाज काठमाडौंका अध्यक्षसमेत रहेका अभिनेता केसीले जाल, आफन्तको माया, त्रिदेव, दिवानापन, मेरो राजेश दाई, द्वन्द्व, अभियान, उधारो प्रेम कहानीलगायतका चलचित्रमा काम गरिसकेका छन् । चलचित्र क्षेत्रमा लामो समयदेखि काम गरेको भन्दै विभिन्न संघ संस्थाले सम्मान तथा पुरस्कृत गरेका छन् ।

# ‘दरबार’ को क्षतिपूर्ति माग्दै वितरक

■ एजेन्सी

तमिलनाड । दक्षिण भारतीय सुपरस्टार रजनीकान्त अभिनीत पछिल्लो चलचित्र ‘दरबार’ बक्सअफिसमा फ्लप भएको छ । चलचित्र फ्लप भएपछि एआर मुर्गादोषको निर्देशनमा बनेको यस चलचित्रका वितरकले क्षतिपूर्तिका लागि ७० वर्षीय रजनीकान्त ढोका ढक्ढकाउने भएका छन् । भारतीय सञ्चारमाध्यमका अनुसार उनीहरूले रजनीकान्तलाई उनकै निवासमा भेट्ने बताइएको छ ।

उनीहरूले रजनीकान्तले समस्या बुझेर आफूहरूलाई क्षतिपूर्ति दिने आशासमेत राखेका छन् ।यसअघि रजनीकान्त अभिनीत चलचित्र ‘लिङ्गा’ फ्लप भएपछि वितरकलाई रकम फिर्ता दिइएको थियो । वितरकले सिनेमा निर्माण कम्पनी लाइका प्रोडक्सनले कुनै चासो नदिएपछि रजनीकान्तलाई भेट्ने निर्णय गरेको जनाइएको छ ।

अभिनेता रजनीकान्तको उक्त चलचित्र दुई सय करोड भारूको लागतमा तयार भएको हो । जसमा रजनीकान्त एक्लैलाई पारिश्रमिक बापत एक सय आठ करोड भारू दिइएको थियो । सिनेमाले विश्वव्यापी रूपमा २५० करोड भारू कमाएको बताइन्छ ।


Malaysia मा रोजगार SRI CEMERLANG VEGE

पूर्व स्वीकृती मितिः २०७६/१०/१६ चलानी नं. ६०१५१०५४ LT No. : 231820

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Farm Worker | 18 | साधारण | 1200 | ३३,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०७६ माघ २८ गते (Feb. 11) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

Multi Code Electronics Industries (M) Berhad

पूर्व स्वीकृती मितिः २०७६/१०/१३ चलानी नं. ६०१५१०५५ LT No. : 231821

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Workers | 63 | साधारण | 1200 | ३३,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०७६ फाल्गुण ७ गते देखि १३ गते (Feb. 19 to 25) सम्म यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- रोजगारदाताले | रु. ७००।- रोजगारदाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

WIN RECRUITMENT PVT .LTD.

Gov. Lic. No. 1383/074/75

Samakhusi, Kathmandu, Nepal Tel.: 01-4365386



Malaysia मा रोजगार Cheung Woh Technologies (M) Sdn. Bhd.

पुन विज्ञापन स्वीकृती मितिः २०७६/१०/२० चलानी नं. ७०४ LT No. : 226051

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker | 104 | साधारण | 1100 | ३०,६१५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०७६ फाल्गुण ३ गते देखि ६ गते (Feb. 15 to 18) सम्म डेलिस ओपेरा रेष्ट्रो एण्ड बैङ्क्वेट्स , बालुवाटार, काठमाडौंमा हुनेछ ।

Invirotech Systems Sdn Bhd स्वीकृती मितिः २०७६/१०/१६ चलानी नं.६०१५१०५६ LT No. : 232112

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker | 5 | साधारण | 1200 | ३३,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

Ohu Father And Son Sdn Bhd स्वीकृती मितिः २०७६/१०/१६ चलानी नं.६०१५१०५९ LT No. : 232114

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory workers | 20 | साधारण | 1200 | ३३,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

Global Agro Life Sdn Bhd पूर्व स्वीकृती मितिः २०७६/१०/१६ चलानी नं.६०१५१०५८ LT No. : 232110

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Agriculture Worker | 15 | साधारण | 1200 | ३३,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

Heng Loong Fatt Farm पूर्व स्वीकृती मितिः २०७६/१०/१६ चलानी नं.६०१५१०५७ LT No. : 232111

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker | 10 | साधारण | 1200 | ३३,८००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- रोजगारदाताले | रु. ७००।- रोजगारदाताले | निःशुल्क |

अन्तरवार्ता २०७६ माघ २८ गते (Feb. 11) यस प्रा. लि. को कार्यालय महाराजगञ्ज काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

लाईफ ईन्टरनेशनल ओभरसिज प्रा. लि. श्रम ईजाजत नः ७६०/६५/६६

महाराजगञ्ज, काठमाडौं, फोन : ४४३९८५४, ४४३८१९८

सौर्य दैनिक

# आर्थिक



*ललितपुरको पाटन दरबार क्षेत्रको चोकमा अर्गानिक एसोसिएसन नेपाल र कञ्चनजंघा टि स्टेट एन्ड रिसर्च सेन्टरको संयुक्त आयोजनामा भएको चारदिने चौथो प्रांगारिक तथा प्राकृतिक कृषि मेलाको अवलोकन सर्वसाधारण*



*रूकुमको हिमाली भेगबाट दाङको घोराही जंगलमा चराउन ल्याइएका भेडा । हिमपात भएपछि चौपाया जनावरलाई दाङ झारिएको हो*

## तिनाउलाई पशुपालनको मुख्य क्षेत्र बनाइने



■ पवित्रा घिमिरे

पाल्पा । तिनाउ गाउँपालिकालाई पशुपालन पकेट क्षेत्रका रूपमा विकास गरिने भएको छ । गाउँपालिकाका अध्यक्ष ओमबहादुर घर्तीले पशुपालनको निम्ति तिनाउ उपयुक्त क्षेत्र भएकाले गाउँपालिकाले यसको विकासमा ध्यान दिएको बताए । गाउँपालिकामा डेढ करोडको लागतमा पशु सेवा कार्यालय निर्माणको काम थालिएको छ । गाउँपालिकालाई पशुपालन पकेट क्षेत्रका रूपमा विकास गर्ने लक्ष्यसाथ नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल लाइभस्टक सेन्टर इनोभेशन ललितपुरको एक करोड ५० लाख आर्थिक सहयोगमा भवन निर्माण सु भएको हो । गाउँपालिकाका अध्यक्ष घर्तीले पालिकामा अहिले २५ भन्दा धेरै गाई फार्म रहेका जानकारी दिए । उनले गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउने उद्देश्य रहेको बताए ।

भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्र पाल्पाका विश्वनाथ भट्टराईले तिनाउ गाउँपालिका पशुपालन तथा पशु विकासका निम्ति उपयुक्त भएकाले गाउँपालिकामा नै जिल्लाको एकमात्र पशु सेवा भवन निर्माण सुरु गर्न सिफारिस भएको जानकारी दिए । गाउँपालिकामा हेफर इन्टरनेसनल नेपाल संस्थासँग साझेदारीमा बाखापालनको कार्यक्रम सञ्चालन गर्न दुई करोडको सम्झौता भइसकेको गाउँपालिकाले जनाएको छ । तिनाउ गाउँपालिका-६ को डुम्रेमा बढी मात्रामा गाई फार्म सञ्चालनमा छन् । त्यो सँगै पालिकाको, कचल, सत्यवती, दोभान कोलडाँडालगायत क्षेत्रमा बाखा, बंगुर, गाई, भैंसीलगायत पशुपालन गर्ने कृषक बढी छन् ।

तिनाउ गाउँपालिका-२ का वडाध्यक्ष राजेश श्रेष्ठका अनुसार कृषकलाई पशुपालनमा उत्साहित बनाउँदै एक लिटर बराबर दूधमा दुई रूपैयाँ, दूध प्रशोधनका लागि रू नौ लाखको मेसिन सहयोग, घाँस काट्ने मेसिन खरिद, गोठ भकारो सुधार, घाँसको बीउ वितरण, कृत्रिम गर्भाधारण सहयोग र पशु औषधि उपचारका लागि सहयोग गरेको जानकारी दिए । डुम्रेका गाई फार्म सञ्चालक गोपाल जिसीले आफ्नो फार्ममा २५ वटा दुहुना भएको जानकारी दिँदै पशुपालनको क्षेत्रमा गाउँपालिकाले सहयोग गरेकामा खुसी व्यक्त गरे । त्यस क्षेत्रमा उत्पादन हुने दूध प्रायः कास्कीको पोखरा तथा स्थानीयस्तरमा बिक्री हुन्छ । गाउँपालिकाले पशुपालनको क्षेत्रमा गरेको सहयोग तथा पशु पकेट क्षेत्रका रूपमा विकास गर्ने भएपछि कृषक खुसी भएका छन् ।

## मेटाबुल्ड परियोजनाको समापनकार्यक्रम



European Union को आर्थिक सहयोगमा 1 March 2016 बाट संचालितResource Efficient Cleaner Production सम्बन्धी METABUILD नामाकरण गरिएको SWICH Asia Project को समापन समारोह होटेल सांग्रीलामा वातावरण तथा आर्थिक विकास समाज नेपाल (SEED Nepal) को अध्यक्ष श्री बलबहादुर प्रधानको अध्यक्षतामा सम्पन्न भयो । यस परियोजनाको मुख्य उद्देश्य निर्माण तथा भवनमा प्रयोग हुने सामानहरू उत्पादन गर्ने धातु उद्योगहरूमा साधन दक्ष स्वच्छ तर उत्पादन (RECP) लागु गरी खेर न्यूनीकरण गरी श्रोत-साधन बचाउने र प्रदुषण न्यूनीकरण गरी वातावरणमा सुधार ल्याउने हो । कार्यक्रममा स्वागत भाषण गर्दै श्री बलबहादुर प्रधानले SEED Nepal कोकार्यक्षेत्र र METABUILD प्रोजेक्टको सफल कार्यान्वयन भएको बारे प्रकाशपार्नु भयो । कार्यक्रमको उद्घाटन नेपाल उद्योग वाणिज्य महासंधका वरिष्ठ उपाध्यक्ष तथा कार्यक्रमको प्रमुख अतिथि शेखर गोल्छा रहेका थिए ।

नेपाललगायत बंगलादेश, श्रीलंकामा गरी तिन देशहरूमा एकै साथ सञ्चालित यस METABUILD परियोजनाको समग्रः उपलब्धि बारे यस परियोजनाकी संयोजक श्री मालिनीबालकृष्णनले प्रस्तुत गर्नुभयो । यस परियोजनाका लागि ४०३ उद्योगहरूको सहभागिता भएको र ३,६२० विकल्पहरू कार्यान्वयन गरी निम्न अनुसारका उपलब्धि भएका छन् । विद्युतको खपतमा कमी वार्षिक २ करोड ८२ लाख ९३ हजार युनिट, पानीको बचत वार्षिक ४ करोड २२ लाख ६८ हजार लिटर, सामानको बचत वार्षिक २ हजार ३ सय ७३ टन, कार्बनडाई अक्साइडको उत्सर्जनमा कमी वार्षिक ९ हजार ६ सय ८० टन भई युरो २६ लाख ७१ हजार ५सय ७० (तद्अनुसार करिब ने.रु. ३३ करोड ४० लाख) को बचत भएको बारे विस्तृत रूपमा प्रस्तुत गर्नुभयो ।

त्यस्तै, SEED Nepal कोकार्यकारी निर्देशक अमरबहादुर मानन्धरले यस परियोजनाबाट नेपालका ८ जिल्लाहरूमा सञ्चालित ८२ उद्योगहरूबाट भएका उपलब्धिहरू बारे प्रस्तुत गरेका थिए । ८२ उद्योगहरूमा ९८० विकल्पहरू सिफारिस भएकोमा ७२८ विकल्पहरू कार्यान्वयन भै विद्युत्को वार्षिक बचत १ करोड ६ लाख युनिट, पानीको वार्षिक बचत ३४ हजार किलो लिटर, कच्चा पदार्थको वार्षिक बचत १,३८७ टन्, कार्बनडाई अक्साइडको उत्सर्जनमा कमी वार्षिक करिब ४ हजार टन भई करिब ने.रु. १० करोड लगानी गरी वार्षिक ने.रु. १४ करोडभन्दा बढी बचत भएको छ ।

उद्योहरूकातर्फवाट परियोजना सम्बन्धित आफ्नो अनुभव प्रस्तुतगर्ने क्रममा पञ्चकान्या स्टिल भैरहवाको तर्फबाट उज्वलश्रेष्ठ, मैनावती स्टिल मोरङका तर्फबाट रोहित अग्रवाल र हुलास वायर इन्डष्टिकजबाट सञ्जीव झाले परियोजनाका विज्ञहरूबाट दिइएका सुझावहरू कार्यान्वयन गरी भएका उपलब्धिहरू बारे प्रस्तुत गरेका थिए । यसरी अद्योगहरूमा साधनहरूको बचत भै उत्पादकत्वमा वृद्धि, वातावरण तथा व्यवसायजन्य स्वास्थ्यतथा सुरक्षामा सुधार भएको जानकारी गराउँदै परियोजना, SEED Nepal तथा दातृ संस्था युरोपियन युनियिनलाई धन्यवाद दिए ।

प्रमुख अतिथि शेखर गोल्छाले METABUILD जस्तो परियोजना नेपालको परिपेक्षमा अति आवश्यक भएको औंल्याउँदै सबै पक्षलाई धन्यवाद ज्ञापन गर्दै यस किसिमको परियोजना धातु क्षेत्रको साथै अन्य क्षेत्रमा पनि कार्यान्वयन गर्नुपर्ने र उद्योग वाणिज्य महासंघले पनि पहल गर्ने बताउनु भयो । साथै कार्यक्रममा काठमाडौं तथा ललितपुरका यस परियोजनाका सहभागी उद्योगहरूलाई सहभागिताको प्रमाणपत्र वितरण गर्नु भयो । यस परियोजनामा सहभागी ८२ उद्योगहरू मध्ये सुझावहरू उत्कृष्ट रूपमा कार्यान्वय नगर्ने १२ वटा उद्योगहरूलाई उत्कृष्टताको प्रमाणपत्र युरोपियन युनियन नेपालकी प्रतिनिधि Deputy Head of Cooperation Ms. Eloisa Astudillo Fernandez ले दिनुभएको थियो । यस कार्यक्रमको क्रममा यस परियोजनाबारे तयार गरिएको भिडियो डकुमेन्टिक प्रस्तुत गरिएको थियो । यस कार्यक्रमको अन्तमा कार्यक्रमको सञ्चालक गोविन्द तिवारीले धन्यवद ज्ञापन गरेका थिए ।

# कर्पोरेट

## कमलविनायकमा ग्लोबल आइएमईको नयाँ शाखा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
The Bank For All

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले भक्तपुरको कमलविनायकमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । बैंकले सोमबार भक्तपुर नगरपालिका-१०, कमलविनायकमा शाखा सञ्चालनमा ल्याएको हो । नयाँशाखा सञ्चालनमा आएसँगै बैंकको शाखा कार्यालयको संख्या २ सय ७० पुगेको छ ।

ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुर्‍याउने उद्देश्यले विभिन्न स्थानमाशाखा, एक्सटेन्सन काउण्टर तथा शाखारहित बैंकिङ सेवामार्फत ग्राहकहरू माझ सेवा प्रदान गर्दै आइरहेको छ । बैंकले २७० वटा शाखा, ३७ वटा राजश्व संकलन तथा एक्सटेन्सन काउन्टर, २५६ एटिएम तथा २ सय ४८ शाखारहित बैंकिङ सेवा र नेपालबाहिर ३ प्रतिनिधि/सम्पर्क कार्यालय मार्फत १८ लाखभन्दा बढी ग्राहकलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

## सुर्खेतमा मेटलाइफको एजेन्सी कार्यालय



काठमाडौं । मेट लाइफले कर्णाली प्रदेशअन्तर्गत सुर्खेतको वीरेन्द्रनगरमा नयाँ एजेन्सी कार्यालय खोलेको छ । कम्पनीका उपाध्यक्ष तथा महाप्रबन्धक निर्मल काजी श्रेष्ठले अन्य स्थानीय कर्मचारीहरूको उपस्थितिमा कार्यालयहरूको उत्घाटन गरे । यो थप नयाँ कार्यालय पछि मेटलाइफको नेपालमा कुल ३२ वटा कार्यालय पुग्ने भएको छ ।

कर्णालीको सुर्खेत क्षेत्रमा रहेका कम्पनीका ग्राहकलाई थप सुविधा तथा सहजता प्रदान गर्न सहयोग मिल्नेछ भन्ने कुरामा कम्पनीले विश्वास लिएको छ । यस कार्यालयले ग्राहकहरूलाई बिमा शुल्क तथा आवेदन संकलन, बिमालेख हस्तान्तरण तथा बिमालेख परिवर्तन र पुनर्स्थापना, ग्राहकको जिज्ञासा अनुरोधहरू बुझ्ने तथा अन्य कागजपत्रहरूको पर्याप्तता हेर्ने जस्ता सेवाहरू प्रदान गर्नेछन् ।

## जोरपाटीमा सानिमा बैंकको शाखा




काठमाडौं । सानिमा बैंक लिमिटेडले काठमाडौंको जोरपाटीमा ७९औं शाखा कार्यालय स्थापना गरी बैंकिङ सेवा विस्तार गरेको छ । उक्त शाखा कार्यालयको उद्घाटन सानिमा बैंकका अध्यक्ष विनयकुमार श्रेष्ठ तथा ब्रान्ड प्रवर्द्धक वरिष्ठ कलाकारद्वय मदन कृष्ण श्रेष्ठ र हरिवंशआचार्य (महजोडी)ले संयुक्त रूपमा गरे । सानिमा बैंकको उक्त शाखा सञ्चालनमा आएसँगै बैंकले हाल सम्म ७९ वटा शाखा कार्यालयहरू तथा ७९ वटा एटिएमबाट सेवा प्रदान गरिरहेको छ ।

## डिप्रोक्स लघुवित्तको सिइओमा आचार्य



काठमाडौं । डिप्रोक्स लघुवित्त वित्तीय संस्थाको प्रमखु कार्यकारी अधिकृत (सिइओ)मा शेषरमण आचार्य नियुक्त भएका छन् । माघ १९ गते बसेको सञ्चालक समितिको बैठकले आचार्यलाई संस्थाको सिइओ पदमा नियुक्त गरेको हो ।

बैठकले आचार्यलाई माघ २० गतेदेखि लागू हुने गरी उनलाई सीईओमा नियुक्त गरेको हो । नवनियुक्त सिइओ आचार्यले आगामी चार वर्षसम्म उक्त पदको कार्यभार सम्हाल्नेछन् ।

## मुक्तिनाथको 'वित्तीय जागरण अभियान' सुरु




काठमाडौं । मुक्तिनाथ विकास बैंकले वित्तीय जागरण अभियान धादिङ जिल्लाबाट सुरूवात गरेको छ । सोअन्तर्गत गल्छी गाँउपालिका ९ बैरेनी स्थित गाउँपालिका भवनमा सोहीगाँउपालिका वडा ७ का अध्यक्ष हरी खतिवडाको उपस्थितिमा सम्पन्न भयो । त्यसैगरी, माघ १७ गते डिल्ली सावित्री माध्यमिक विद्यालय, धुनीवेशी ९ धार्केमा यस बैंकको धार्के शाखा अन्तरगतका ग्राहक हरीप्रसाद लोहनीको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा डिल्ली सावित्री माध्यमिक विद्यालयका प्रधानाध्यापक घनश्याम अधिकारी र सोही विद्यालयका शिक्षकश्री नरेन्द्र प्रसाद रिजाल विशेष उपस्थिति रहेको थियो ।

उपरोक्त दुवै कार्यक्रममा वित्तीय कारोबार बारे चेतना जगाउने, लघुवित्त कार्यक्रममा केन्द्रको व्यवस्थापन, अधिक र अनुत्पादक कर्जा लिँदाका बेफाइदाहरू, उपयुक्त व्यवसाय छनौट, व्यवसायीक योजना, सफल उद्यमीका विशेषताहरू, बचत, कर्जा, बैंक तथा वित्तीय संस्थाहरूको प्रकार लगायतको विषयमा वित्तीय चेतनाको अभिवृद्धि गराउने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो । कार्यक्रममा १ सय ७० जना ग्राहकहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा बैंकसंग कारोबार गर्ने उत्कृष्ट ग्राहकहरू तथा उत्कृष्ट केन्द्रहरूलाई पुरस्कार तथा प्रमाण पत्रवितरण गरिएको थियो ।

## इन्भेष्टमेन्टको रिकरिङ फिक्स्ड डिपोजिट खाता

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank

काठमाडौं । नेपाल इन्भेष्टमेन्ट बैंकले समाजमा बचतको बानी सहज तुल्याउने उद्देश्यसहित ९.२५ प्रतिशत ब्याजदर सहितको क्रमिक मुद्दती निक्षेप (रिकरिङ फिक्स्ड डिपोजिट) सञ्चालनमा ल्याएको थियो, जसमा ग्राहकहरूले न्युनमत ३३ महिने अवधिका लागि न्युनतम ३३३ पैयाँ क्रमिक निक्षेप जम्मा गरेर उच्च ब्याजदर पाइरहेका छन् । बैंकको ३३औं वार्षिकोत्वसका अवसरमा ल्याइएको यो निक्षेप योजना बढ्दो वित्तीय सचेतना सँगै बजारमा स्थापित हुदै गइरहेको छ ।

यस बाहेक अंग्रेजी नयाँ वर्षका अवसरमा नेपाल इन्भेष्टमेन्ट बैंकले हरित पहल अभियानअन्तर्गत ग्रिन डबल फिक्स्ड डिपोजिट (जिडिएफडी) ल्याएको थियो । यस योजनाबाट संकलन गरिएका निक्षेपहरू दिगो, वातावरणमैत्री हरित परियोजनाहरूमा लगानी गरिनुका कारण यस योजनाले निक्षेपकर्ताहरूबीच लोकप्रियता कमाइ रहेको छ । थप, सो योजनाअन्तर्गत दिगो भविष्य सुनिश्चित हुनुका साथ साथै व्यक्तिको निक्षेप पनि ७.५ वर्षमा दोब्बर हुन्छ । यो योजनाअन्तर्गत संकलन गरिएको निक्षेप इको-लोन मार्फत हरित परियोजनाहरूमा लगानी गरिन्छ, जसमा एक वर्षका लागि निश्चित वार्षिक १०.५० ब्याजदर कायम गरिएको छ । यसका साथै नेपाल इन्भेष्टमेन्ट बैंकले देशका उद्यमीहरूलाई उत्थान गर्ने उद्देश्यमा केन्द्रीत रहँदै एक वर्षका लागि निश्चित ९.९९ प्रतिशत ब्याजदरको साना तथा मझौला उद्यमी (एसएमई) कर्जा पनि ल्याएको छ ।

## धर्मस्थलीमा प्रभु बैंकको शाखा



काठमाडौं । प्रभु बैंक लिमिटेडले शाखा सञ्जाल विस्तार गर्ने क्रममा काठमाडौंको तारकेश्वर नगरपालिका वडा ८ स्थित धर्मस्थलीमा २०७औं शाखा खोली सञ्चालनमा ल्याएको छ । बैंकको धर्मस्थली शाखा कार्यालयको उद्घाटन तारकेश्वर नगरपालिकाका मेयर रामेश्वर वोहोराले गरे । बैंकको धर्मस्थलीमा शाखा कार्यालयको उद्घाटन गर्दै प्रमुख अतिथी रामेश्वर बोहोराले प्रभु बैंकले आफ्नो बैंकको व्यावसायिक सञ्जाल विस्तार गर्दै बैंकिङ पहुँच नपुगेको ठाउँहरूमा आफ्नो शाखा कार्यालय सञ्चालनमा ल्याएर सर्वसाधारणको घर आँगनसम्म सरल र सहज रूपमा बैंकिङ सेवा विस्तार गरी प्रशंसनीय कार्य गरेको तथा प्रभु बैंकको यो अभियानले देशभरिनै बैंकिङ्ग पहुँचमा वृद्धि भएको मात्र नभई समग्र देशको आर्थिक विकासमा सकारात्मक टेवा पुगेको बताउदै बैंकलाई सफलताको शुभकामना व्यक्त गरे । बैंकको धर्मस्थली शाखा कार्यालय उद्घाटन कार्यक्रममा विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, स्थानीय व्यापारी, बुद्धिजिवी लगायत ठूलो संख्यामा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

www.souryadaily.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

# सौर्य खेलकुद



*स्पेनिस क्लब बार्सिलोनाले सामाजिक सञ्जालमा नेपाली नायिका प्रियंका कार्कीको फोटो राख्दै 'वी लभ नेपाल' लेखेको छ । प्रियंका खेल हेर्न बार्सिलोना पुगेकी थिइन्*

*स्ट्राइकर रोबर्टो लेवान्डोस्कीले 'प्लेयर अफ दि इयर' अवार्ड जितेका छन् । सन् २०१९ मा पोल्यान्डबाट लेवान्डोस्कीले प्लेयर अफ दि इयर अवार्ड जितेका हुन्*




'ए' डिभिजन लिग

## मनाङलाई च्यासलको झट्का



**■ सौर्य समाचार**

काठमाडौं । कतार एयरवेज सहिद स्मारक ए डिभिजन लिगअन्तर्गत सोमबार दोस्रो खेलमा साविक विजेता मनाङ मस्याङ्दी क्लबले सिजनको पहिलो हार बेहोरेको छ ।

एन्फा कम्प्लेक्समा भएको खेलमा च्यासल युवा क्लबले मनाङलाई २-० ले पराजित गरेको हो । च्यासलको जितमा टाइगा नाकामुराले पहिलो हाफमा गरेको फ्रिकिक गोल र सन्तोष साहुखलको गोल समावेश थियो । सिजनको पहिलो हारसँगै मनाङले शीर्षस्थानमा रहेको आर्मीसँग अग्रता कम गर्ने अवसर गुमाएको छ ।

तेस्रो स्थानमा सीमित रहेको मनाङले लिगका १० खेलमा ५ जित, ४ बराबर र १ हारसहित १९ अंक जोडेको छ । यता च्यासल भने १० खेलमा १२ अंक जोड्दै नवौं स्थानमा उक्लिएको छ । यस जितले च्यासल रेलिगेसनबाट मुक्त भएको छ ।

च्यासलका लागि खेलको तेस्रो मिनेटमा बिक्रम लिम्बुको फ्रिकिकमा अमिर श्रेष्ठको प्रहार पोस्टबाट थोरै आकासियो । १३औं मिनेटमा कमल श्रेष्ठको प्रहार पोस्टबाट थोरैले बाहिरियो । २५औं मिनेटमा टाइगा नाकनमुराले गोल गर्दै च्याससललाई अग्रता दिलाए । दयानन्द सिंहले लडाएको फलमा टाईगाले २५ यार्ड टाढाबाट फ्रिकिकमा सुन्दर गोल गर्न सफल भएका थिए ।

३६औं मिनेटमा अन्जन विष्टको प्रहार आकासियो । पहिलो हाफको अन्त्यतिर जोसुवा फेमीले पेनाल्टी क्षेत्र बाहिरबाट सट प्रहार गर्न ढिलो गर्दा मनाङ खेलमा फर्कन सकेन ।

६५औं मिनेटमा फेमीकै पेनाल्टी क्षेत्र बाहिरको प्रहार आकासियो । ६६औं मिनेटमा बिमल रानाको क्लोज रेन्जबाट गरेको प्रहारलाई छिरिङ गुरुङले ब्लक गरिदिए । ८१औं मिनेटमा अञ्जन बिष्टले गरेको प्रहार पोलमा लाग्दै फर्कियो । त्यसै रिबाउन्डमा उनले फउल गर्न पुगेका थिए ।

८९औं मिनेटमा च्यासलका प्रशिक्षक बाल गोपाल साहुखल रातो कार्ड खादै टच लाईनबाट बाहिरिन पुगे । इन्ज्युरी समयमा सन्तोष साहुखलले नाकामुराको पासमा गोल गर्दै च्यासलको जित पक्का गरे । च्यासलले जित दर्ता गर्दै लिगको उपाधि भिडन्तमा रोमाञ्च थपेको छ ।

### बिबिसीमाथि जावलाखेलको जित

यसैगरी, सोमबारको अर्को खेलमा जावलाखेल युथ क्लबले ब्रिगेड ब्वाईज क्लब (बिबिसी) क्लबलाई पराजित गरेको छ ।

ललितपुर सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार भएको खेलमा जावलाखेलले ब्रिगेडलाई १-० गोल अन्तरले पराजित गरेको हो । जावलाखेलको जितमा सुजित बुढाथोकीले निर्णायक गोल गरे ।

खेलको ३२ औं मिनेटमा सुजितले गोल गर्दै जावलाखेललाई महत्वपूर्ण ३ अंक दिलाएका हुन् ।बल पोजिसनमा पकड जमाए पनि ब्रिगेडले गोल गर्न नसक्दा हारको सामना गर्नु परेको हो । खेलमा जावलाखेलका दिलन लोक्ताम म्यान अफ दि म्याच चुनिए ।

लिगमा जावलाखेलको यो चौथो जित हो । जितसँगै जावलाखेल लिगको सातौं स्थानमा उक्लिएको छ । जावलाखेलले १० खेलमा १५ अंक जोडेको छ । ब्रिगेडले १० खेलमा ८ अंक जोडेको छ । ११ औं स्थानमा रहेको ब्रिगेडको यो छैटौं हार हो ।

## प्रशिक्षकबाट पटवालको राजीनामा !




**■ सौर्य समाचार**

काठमाडौं । भारतीय उमेश पटवालले राष्ट्रिय क्रिकेट टोली प्रशिक्षक पदबाट राजिनामा दिएका छन् । यसै साता सुरु अमेरिका र ओमानसँग त्रिकोणात्मक सिरिजपछि लागू हुने गरि पटवालले राजिनामा दिइएको श्रोतले जनाएको छ ।

अन्तराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) र राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले पटवाललाई गत वर्ष राष्ट्रिय टोलीको प्रशिक्षक नियुक्त गरेको थियो । उनको सम्झौता अवधि एक वर्ष भएपछि उनले अगाडि नै राजीनामा दिएका छन् ।

श्रोतका अनुसार पटुवालले दुई साता अघि नै आइसिसीलाई राजिनामा दिएको बुझिएको छ । पटवालको राजिनामाका विषयमा नेपाल क्रिकेट संघ (क्यान) ले केहि बोलेको छैन । पटवालको पारिश्रमिक राखेपले उपलब्ध गराउँदै आएको छ । तर, पछिल्लो ५ महिनादेखि भने उनले पारिश्रमिक नपाएको श्रोतले बतायो ।

उनको प्रशिक्षणमा नेपाली टोलीले सन्तोषजनक प्रदर्शन भने गर्न सकेको छैन । सिंगापुरमा टि ट्वान्टी विश्वकप छनोटको क्षेत्रिय छनोटबाटै बाहिरिदै नेपालले लज्जास्पदक प्रदर्शन गरेको थियो ।

त्यस्तै ओमानमा भएको पाँच राष्ट्र सम्मिलित सिरिजमा पनि नेपालको प्रदर्शन बिर्सन लायक थियो । दुई महिना अघि स्वदेशमा भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा नेपाली टोलीले कास्य पदक जितेको थियो ।

## राष्ट्रिय स्कीमा गौरी माया च्याम्पियन



**■ सौर्य समाचार**

काठमाडौं । तेस्रो संस्करणको राष्ट्रिय स्की च्याम्पियनसिप अन्तर्गतको अल्पाइन स्कीको सिनियर पुरुषतर्फ साहस राम श्रेष्ठ र महिलातर्फको उपाधि गौरी माया तामाङले जितेका छन् ।

मुस्ताङको मुक्तिनाथमा सोमबार शुकदेव थापालाई पछि साहसले पुरुषतर्फको उपाधि जितेका हुन् । प्रागुण महर्जन तेस्रो भए ।

पुरुषतर्फ पुन्दारी के पाण्डे, दिनेश कुमार बोहोरा, छिरिङ तेन्जिङ शेर्पा, छिरिङ तामाङ, स्वरोज श्रेष्ठ, रमेश पाखिन र शामदेन तामाङ क्रमश चौंथो देखि दशौं स्थानमा रहे ।

महिलातर्फ गौरीले उपाधि जित्दा संगीता लामा दोस्रो र लक्ष्मी राई तेस्रो भईन् । यस्तै फुन्जो लामा चौंथो र साजनी लामा पाँचौं भईन् ।

अल्पाइन स्की जुनियरको पुरुषतर्फ सागर तामाङले उपाधि जिते । उमङ रञ्जित दोस्रो र क्षितिज किरण रञ्जित तेस्रो भए ।

महिला जुनियरतर्फ लाक्पा डोमा शेर्पा पहिलो, आयुशी महर्जन दोस्रो र उजला मुनिकार तेस्रो भइन् ।

स्नो बोर्ड स्कीतर्फको उपाधि विशाल तामाङले हात पारे । निरन तामाङ दोस्रो र छिरिङ तामाङ तेस्रो भए ।

क्रस कन्ट्रीतर्फ सुजाता न्यासुरले उपाधि जितिन् । इशा तामाङ दोस्रो थुप्तेन लामा तेस्रो भए ।

नेपाल स्की एसोसियसनको आयोजनामा भएको च्याम्पियनसिपको विजेतालाई नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवन राम श्रेष्ठ, उपाध्यक्ष तेज बहादुर गुरुङ, पिताम्बर तिम्सिना लगायतले पुरस्कृत गरेका थिए ।

## पारस र सन्दीप खस्किए







**■ एजेन्सी**

लन्डन । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) को नयाँ टि ट्वान्टी वरियतामा पुर्व कप्तान पारस खड्का र लेग स्पिनर सन्दीप लामिछाने खस्कँदा तीव्र गतिका बलर करण केसीले सुधार गरेका छन् ।

आइसिसीले सोमबार सार्वजनिक गरेको नयाँ टि ट्वान्टी वरियतामा पारस ब्याटिङतर्फ खस्किएर ६२ औं स्थानमा पुगेका छन् । बलिङतर्फ सन्दीप पनि खस्किदै ८५ औं स्थानमा पुगेका छन् ।

बलिङतर्फ तीव्र गतिका बलर सोमपाल कामी, करण केसी, अभिनाश बोहरा र स्पिनर वसन्त रेग्मी शीर्ष एक सय भित्र छैनन् । अलराउन्डरतर्फ करणले सुधार गरेका छन् । नयाँ वरियतामा अलराउन्डरतर्फ करण ७५ स्थानमा उक्लिएका छन् । सोमपाल ६५ र पारस खड्का २७औं स्थानमा छन् ।

यता भारतीय ओपनर लोकेश राहुलले आफ्नो करियरकै उत्कृष्ट वरियतामा आएका छन् । राहुलले ४ स्थान फड्को मार्दै दोस्रो स्थानमा उक्लिएका छन् । पहिलो स्थानमा पाकिस्तानका कप्तान बाबर आजम यथावत छन् । भारतीय ओपनर रोहित शर्माले ३ स्थान सुधार गर्दै शीर्ष दशमा उक्लिएका छन् । न्युजिल्यान्डका कप्तान केन विलियम्सनले एकै पटक ७ स्थान सुधार गर्दै १६ औं स्थानमा रहेका छन् ।

न्युजिल्यान्डकै विकेटकिपर टिम सेफर्टले एकै पटक ४३ स्थान फड्को मार्दै ३४औं स्थानमा उक्लिएका छन् । बलिङ तर्फ अफगानिस्तानका स्पिनर राशिद खानै शीर्ष स्थानमा यथावत छन् । भारतीय तीव्र गतिका बलर जस्प्रित बुमराहले एकै पटक २६ स्थान फड्को मार्दै ११औं स्थानमा उक्लिएका छन् ।

अलराउन्डरतर्फ अफगानिस्तानका अलराउन्डर मोहम्मद नाबीनै शीर्ष स्थानमा छन् । टि ट्वान्टी नयाँ वरियतामा नेपाल १२ औं स्थानमा यथावत छ ।

चितवन प्रिमियर लिग

## राप्तीको लगातार दोस्रो जित

**■ सौर्य समाचार**

चितवन । राप्ती ऱ्यापिड्सले सिएमसी चितवन प्रिमियर लिगमा लगातार दोस्रो जित हात पारेको छ । प्रतियोगिताअन्तर्गत सोमबार सम्पन्न पहिलो खेलमा सौराहा स्यान्ड्सलाई पराजित गर्दै राप्तीले लगातार दोस्रो जित हात पारेको हो । नारायणगढको क्याम्पाचौरमा सम्पन्न खेलमा राप्तीले सौराहालाई ७ विकेटले पराजित गर्यो ।

सौराहाले दिएको १११ रनको सामान्य लक्ष्य राप्तीले १६।४ ओभरमा मात्र ३ विकेट गुमाउँदै पूरा गऱ्यो । राप्तीको जितमा हरिबहादुर चौहानले अर्धशतकीय पारी खेले । उनले ४३ बलमा ७ चौका र एक छक्काको मद्दतमा ५४ रन बनाए । उनलाई कमल थापाले ३८ रन बनाएर साथ दिए ।

थापाले ३२ बलमा ७ चौका र एक छक्का प्रहार गरे । यस्तै लक्की सापकोटाले १४ रन बनाए भने कप्तान आकाश थापा १ रनमा आउट भए । सौराहाका आकाश चन्द, अनुज चनरा र सुवर्ण भट्टले समान १-१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिलो ब्याटिङ गरेको सौराहाले खराब सुरुवात गरेको थियो । सौराहाले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै ११० रन मात्र बनाएको थियो । स्कोर बोर्डमा खाता नै नखोल्दा सौराहाका ओपनर रित गौतम शून्यमै पेभिलियन फर्किए ।

दोस्रो विकेटका लागि राजेश ढकाल र प्रशान्त महतले २३ रनको साझेदारी गरे । प्रशान्त २१ तथा राजेश ७ रनमा आउट भए । कप्तान सन्तोष न्यौपानेले अभिजित ३५ रन बनाए । उनले ५३ बलमा ४ चौका प्रहार गरे । अन्य ब्याट्सम्यानको प्रदर्शन सम्झनलायक रहेन ।

राप्तीका राम नरेश गिरी र कमल थापाले समान २/२ विकेट लिए । गिरीले ४ ओभरमा २१ रन खर्चिए भने थापाले ३ ओभरमा २३ रन दिए । खेलको म्यान अफ दि म्याच राप्तीका लागि ५४ रनको अर्धशतकीय पारी खेलेका हरिबहादुर चौहन घोषित भए । प्रतियोगिता अन्तर्गत दोस्रो खेलमा अहिले राइट एन्ड एसोसिएट भरतपुर गुर्खाज र माडी टाइगर्स भिडिरहेका छन् । भरतपुर संघर्ष पौडेल तथा माडी किशोर महतोको कप्तानीमा मैदान उत्रिएको छ ।

## फातीको गोलमा बार्सिलोना विजयी

**■ एजेन्सी**




लन्डन । सुपर स्टार लियोनल मेस्सी र युवा स्टार अन्सु फाती चम्किएपछि साविक विजेता बार्सिलोनाले स्पेनिस ला लिगामा लिभान्तेमाथि रोचक जित निकालेको छ । घरेलु मैदानमा आइतबार राति भएको खेलमा बार्सिलोनाले लिभान्तेलाई २-१ गोलले हरायो ।

बार्सिलोनाको जितमा दुवै गोल फातीले गरे । फातीलाई दुवै गोलको अवसर कप्तान मेस्सीले जुराईदिएका थिए । ३०औं मिनेटमा फातीले मेस्सीको पासमा गोल गर्दै घरलु टोलीको उत्साह बढाए । उनले लगत्यै मेस्सीक पासमा अर्को गोल गर्दै बार्सिलोनाको अग्रता दोब्बर बनाएका थिए । खेलको सुरुवातदेखि नै लगातार गोल गर्ने अवसर बनाएपनि बार्सिलोनाले थप गोल गर्न भने सकेन । लिभान्तेले दोस्रो हाफको इन्जुरी समयमा सान्त्वना गोल फर्काएको थियो । लिभान्तेका लागि रुबेन रोसिनाले सान्त्वना गोल गरे । जितसँगै दोस्रो स्थानमा रहेको बार्सिलोनाले २२ खेलबाट ४६ अंक बनाएको छ । बार्सिलोना शीर्षस्थानको रियल म्याड्रिड भन्दा तीन अंकले पछि छ । रियलको ४९ अंक छ । २६ अंक बनाएको लिभान्ते १३औं स्थानमा छ ।

अर्को खेलमा एथ्लेटिक विल्बाओलाई २-० गोलले हराउँदै गेटाफे तेस्रो स्थानमा उक्लियो । जितसँगै गेटाफेले ३९ अङ्क बनाएको छ । ३१ अंक बनाएको बिल्बाओ नवौं स्थानमा छ ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोनः ०१४४२०१९५, पो.बनं.: १०३७८, इमेलः info@souryadaily.com, मुद्रणः एक्सप्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादकः बोधराज त्रिपाठी